# प्रदेश सभा

## गण्डकी प्रदेश

## विशेष अधिवेशन

## (नवौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७७/१०/०६ गते, विहानको ११.०० बजे

प्रदेश सभाको विशेष अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १२ः०० बजे प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्वप्रथम माननीय कृष्णचन्द्र नेपाली पोखरेलले दर्ता गर्नुभएको संकल्प प्रस्ताव माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । छलफलमा भागलिन चाहानुहुने प्रत्येक माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम, माननीय सदस्य श्री मिन प्रसाद गुरुङ लाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री गायत्री गुरुङ ।

### माननीय श्री मिनप्रसाद गुरुङ

सभामुख महोदय, आज हामी यो विशेष अधिवेशन मार्फत यो कोभिड १९ को परिक्षण उपचार पूर्वाधार र खोप सम्बन्धी संकल्प प्रस्तावमा छलफलको रुपमा सहभागी भैरहेका छौं । सभामुख महोदय, यो सम्मानित सभामा र यसको यो महत्वपूर्ण समय र सदनको

गरिमालाई सम्मान गर्दै कार्यसूचिमा रही विषय केन्द्रीत आफ्ना भनाईहरु राख्ने अनुमति चाहन्छु । सभामुख महोदय, यो विशेष अधिवेशन हामीले मूलतः दुई खण्डमा यसलाई विभक्त गरी हामी सहभागी भैरहेका छौँ र छलफलहरुलाई अगाडि बढाईरहेका छौँ । पहिलो खण्डमा हामीहरुले कोभिडका असरहरु, यसका चुनौति र यसले हाम्रो प्रदेश राष्ट्र र विश्वमानै भैरहेका प्रभावहरु अर्थतन्त्र देखि लिएर विशेषतः हामीले त्यहाँका रोजगार अनि यसले विकास निर्माणमा पारेका प्रभावहरु या बजेटका कार्यान्वयनका सवाल देखि लिएर र यसले जनजिविकामा महङ्गि देखि लिएर उत्पादन सम्बन्ध उत्पादन प्रणाली देखि यी सम्पूर्ण कुराहरुलाई विशेषतः महत्वकोसाथ हामीहरुले एउटा साझा ऐक्यवद्धता सहित जरुरी सार्वजनिक महत्वको रुपमा हामीले विषय प्रवेश गरेर यसलाई छलफल गरी निर्क्यौल गरी सरकारलाई सहजताको लागि निर्देशित पनि गरिसकेका छौँ र यो संगसंगै आज हामीहरु यो विशेष अधिवेशनको यो दोश्रो खण्डमा उपस्थित भएर आज यो तेश्रो दिनमा कोभिडको यो परिक्षण उपचार पूर्वाधार र यो खोप सम्बन्धमा हामी संकल्प प्रस्ताव माथि छलफल गरिरहेका छौँ र म त्यसमा सहभागी भैरहेको छु र आफ्ना भनाईहरु राख्न गैरहेको छु । सभामुख महोदय, मलाई यो संकल्प प्रस्तावकै सन्दर्भमा विद्वान माननीयहरुले यो विषयमा जुन आफ्नो भनाईहरु राखिरहनु भएको छ या विचारहरु प्रस्तुत गरिरहनि बेलामा मलाई लाग्छ यो कुनै एउटा पक्षले या कुनै एउटा पक्षको विजय उन्माद र हर्षको विषय भन्दा पनि या अर्को पक्षको यो एउटा विष्मात र एउटा लघुताभाष सोच्ने ग्रहण गर्ने या त्यसरी प्रस्तुत हुने हो भन्ने विषय मलाई लाग्दैन मेरो बुझाईमा या यो पास र फेलको सन्दर्भ भन्दा पनि मलाई लाग्छ यो सदनले यो विषयलाई यो सम्मानित सदनले अपनत्व ग्रहण गर्योकी गरेन या यसले स्वामित्व ग्रहण गर्योकी गरेन भन्ने विषय अहम् हो भन्ने मलाई लाग्छ र सायद हिजो हामीहरुले बर्खे अधिवेशन बजेट अधिवेशनमा चलिरहने बेलामा जुन विषय प्रवेश गरेको थियो त्यो सन्दर्भमा यही हो भएको भन्ने कुरा मलाई लाग्छ र यो सन्दर्भमा मलाई लाग्छ हामीहरुले जुन विषयलाई प्रवेश गर्ने सदनमा प्रवेश गर्ने यसका निश्चित

बाटा, प्रक्रिया, विधि यी कुराहरुमा यस सदनमा प्रवेश गरेर छलफल गर्ने र विधि सम्मत प्रक्रियामा या प्रणालीमा या भनौँ विद्‌यमान कानूनी प्रावधान र त्यसको मक्सद र मनसाय सहित संकल्प प्रस्ताव प्रस्तुत प्रक्रिया प्रवेश यी सन्दर्भहरुमा हामी सिङ्गो सदन देखि या हामीहरु कहि न कहि अलमलियौँकी म चुक्यो भन्दिन तर अल्मलिएको निश्चितै हो। सायद त्यही भएर यो अभ्यासमा हामी एकखालले हामी सिक्दैछौँ र गर्दै पनि छौँ। यो प्रणालीलाई र संघीय शासन पद्‌धतिलाई संस्थागत गर्ने र बलियो बनाउने क्रममा त्यो भएको हुनाले पनि हामी केही न केही यसलाई नयाँपन र आफ्नोपन संगसंगै अगाडि बढ्ने क्रममा यसलाई अझ पनि त्यहीबाट पाठ सिक्दै र त्यसलाई हामीले आत्मसात गरेर हामी यसलाई अझ बढी परिमार्जित परिष्कृत गरेर यो एउटा साझा समस्या हो साझा चुनौति हो र यसलाई सबैले साझा रुपमा यसको सामना गर्नपर्छ भन्ने आत्मबोधकासाथ यी चुनौतिको सामना गर्नलाई कुनै विना आग्रह र पूर्वाग्रह एक मतले साझा प्रस्तावको रुपमा हामी एक ठाउँमा उभिएका छौँ। मलाई लाग्छ सबैका आँखा खुल्न पाएका छन् र हामी सबैले जितेका पनि छौँ भन्ने म ठान्दछु र माननीय सदस्यहरु माननीयजीहरुलाई मलाई लाग्छ बिरगञ्जतिर टाँगा चढ्न जानपर्ने यसले अब यो अप्ठ्यारोलाई हटाएर सायद माछापुच्छ्रे त भर्जिन माउण्टेन हो क्यारे यहाँ हाम्रो सराङ्कोटमा गएर सबैले खुल्ला आकाशमा हेर्न पाउने यो अवसर मलाई लाग्छ यो संकल्प प्रस्तावले यो गरिमामय सदन मार्फत गण्डकी प्रदेश सभालाई प्रदान गरेको छ। गण्डकी प्रदेश सभाले यसको स्वामित्व पनि ग्रहण गरेको छ र त्यति मात्र होईन मलाई लाग्छ संकल्प प्रस्ताव अरु विधेयक जस्तो प्रवेश गरेर ऐन बन्ने कुरा र यसको एउटा वाईण्डिङ फोर्स एउटा लेजिटिमिसी अर्थात कानूनी प्रक्रियाको सन्दर्भको पनि त्यत्तिकै महत्व होला सायद एउटा पक्षले त्यसलाई उठान गरेर यदि सदनले सभाले त्यसलाई स्वामित्व लिएन भने र त्यसको एउटा वैधानिक पाटो या वैधानिक प्रक्रिया या वैधानिक भाव कानूनी भाव जो ग्रहण गरेर सरकारलाई निर्देश गर्नुपर्ने हुन्छ त्यो कुराको सायद कहीं कतै कमजोडि रहन्थ्योकी त्यो कुराबाट पनि हामी अगाडि बढेका छौँ र यसको यो

वाईण्डिङ फोर्सको आयतन फराकिलो भएको छ त्यति मात्र होईन जसले प्रदेश सरकारलाई यो कार्यान्वयन गर्न संकल्प प्रस्तावमा उल्लेखित बुँदाहरु जे जति हामी संकल्पित छौँ ति कुराहरुलाई कार्यान्वयनको प्रक्रियामा अब प्रदेश सरकारलाई पुनः झिझाई गर्ने यसले ठाउँ दिदैन र त्यो मानेमा पनि यो संकल्प प्रस्ताव र यो सदन र अहिलेको यो महत्वपूर्ण ऐतिहासिक सदन एउटा कोशेढुङ्गा आयामिक हुन्छ भन्ने मलाई लाग्छ । सभामुख महोदय, संकल्प प्रस्तावकै हामीहरुले कुरा गरिरहने बेलामा अहिले जुन खालको यो बुकलेट आएको छ हुनत हामीहरु चार पेजको संकल्प प्रस्तावको कुरा मात्रै नगरेर यो किताबमा साच्चै नै अहिले जुन प्रारम्भ देखि क देखि ञ सम्म अनि त्यस पछि अर्को खण्डमा चारवटा प्रस्ताव र त्यस पछि अरु त्यस भन्दा पनि पछाडि विस्तृत रुपले जुन खालले यो पुस्तिका आकार ग्रहण गरेको छ त्यति मात्रै होईन यो आकार मात्रै होईनिकी यो सदनको सम्पत्ति भएर दस्तावेजिकरण भएको छ। यस मानेमा यहाँ थुप्रै हामीले कतिपय यो पूर्णता त म भन्दिन आंशिक रुपमै भए पनि हामी जे जसरी सदनमा उठाईरहेका भनिरहेका कुराहरु सरकारको बारेमा हाम्रा विभिन्न भनाईहरुलाई यी कुराहरुले यहाँनिर उजागर गरेको छ अर्थात मैले भन्न खोजेको कुरा सरकारले गरेका कामहरुको बारेमा चाहे त्यो आंशिक रुपमै होस यसलाई दस्तावेजिकरण गरेको छ सायद त्यै भएको हुनाले पनि यो संकल्प प्रस्तावको महत्व र यसले जे जसरी हामी १ देखि १३ का प्रस्तावहरु देखि लिएर क देखि ञ सम्मका कुराहरु यी कुराहरुलाई सम्पूर्ण रुपले महत्वकासाथ यो किताबले पुस्तकितात् ग्रहण गरेर एउटा गण्डकी प्रदेश सभाको सम्पत्ति बनेको र सरकारलाई निर्देशित गर्ने र भोलिका दिनहरुमा साच्चैनै कोभिड सम्बन्धमा या स्वास्थ्यका सम्बन्धमा या यी यस्ता महत्वका विषयहरुलाई प्रक्रियागत किसिमबाट अगाडि लैजाने सवालमा विना पूर्वाग्रह वस्तुगत यथार्थमा कसीमा जाँचिएर अगाडि बढ्दै यसले सबैको हकमा अपनत्व ग्रहण गर्छ र  यसले वैधानिक भार पनि बढी गर्छ भन्ने कुरालाई यो संकल्प प्रस्ताव र यो आजको यो प्रस्तावले हामीहरुलाई दिशा निर्देश गर्छ भन्ने कुरा मैले ठान्दछु । सभामुख महोदय, यो छलफलको क्रममा या यही

दस्तावेजिकरणको क्रममा पनि थुप्रै कुराहरु उठेका छन् । माननीय विद्वान माननीयहरुले थुप्रै कुराहरु राख्नु भएको छ मलाई लाग्छ हामी स्वास्थ्यलाई मौलिक हकको कुरा गरिरहने बेलामा भाग ३ मा मौलिक हक मात्र नभनेर अहिले यो ०७२ सालको संविधानमा त्यसलाई र कर्तव्यको कुरा पनि उठेको छ त्यसो भएको हुनाले मौलिक हक स्वास्थ्यको हक धारा ३५ को कुरा गरिरहने बेलामा जुन मौलिक हकका १८ बाट ४८ छ त्यो ४८ को नागरिकको कर्तव्यको कुरा पनि त्यहाँनेर उठेको छ र मलाई लाग्छ हामी संपूर्ण नागरिकहरुले यो साझा समस्या प्रदेश सरकार प्रदेश सभाको साझा समस्या र चुनौति भए जस्तै सम्पूर्ण नागरिकहरुको पनि यो साझा समस्या हो भन्ने कुरा त्यहाँनेर त्यो धारा ४८ को मलाई लाग्छ क, ख, ग र घ मा विशेषत आवश्यकताको बेलामा नागरिकले राज्यलाई सहयोग गर्नपर्ने कुरा र सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नपर्ने कुरा सार्वजनिक सम्पत्ति भन्नासाथ नागरिक राज्यको सार्वजनिक सम्पत्ति हो की होईन ? यी कुराहरुलाई पनि बुझेर अर्थात मैले भन्न खोजेको कुरा यो साझा चुनौतिलाई खाली एउटा सरकारको विषय या एउटा सांसदको विषय मात्र नभएर यो संपूर्ण नागरिकहरुको साझा दायित्व मिलेर गयौँ भने मात्रै यहाँ कुनै माक्स लाउन पनि पुलिसलाई या सरकारको लागि मात्रै होईन। एउटा **(माननीय सभामुख - समय सकियो)** सवल उदाहरण त मुस्ताङका माननीयले दिनुभएको थियो। त्यसो भएको हुनाले अन्तमा यो साझा समस्यालाई साझा चुनौतिलाई भोलिका दिनहरुमा पनि यसरी नै हामी अगाडि बढेर यसको चुनौतिलाई सामना गर्नि र साच्चैनै समृद्ध प्रदेश गण्डकी प्रदेशलाई निर्माण गर्नलाई यस्ता थुप्रै चुनौतिहरु चाहे त्यो खोपको सिलसिला कुरा होला अहिले भेरियन्ट वानको चुनौतिलाई सामना गर्ने कुराहरु होलान् या अरु पूर्वाधारहरु निर्माण गर्ने कुराहरु होलान् यो कुरामा हामी संपूर्ण सफल हुनेछौँ र गण्डकी प्रदेश त्यो चुनौतिलाई पार गर्नको लागि सबै सक्षम हुनेछन् यही कुरा यहाँहरुसंग निवेदन गर्दै र यो प्रस्तावको समर्थन गर्दै आफ्नो भनाई अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मणिभद्र शर्मा ।

## माननीय श्री गायत्री गुरुङ

माननीय सभामुखज्यू, हामी आज विशेष अधिवेशनमा छौँ । विशेष अधिवेशनको क्रममा हामी कोभिड नाइन्टिनको जुन माहामारी छ यसलाई एउटा हामीले संकल्पको रुपमा प्रस्तुत गर्दै हामीले यसलाई एउटा साझा समस्या हामी सबैको हो। यसलाई हामी सबैले एकतावद्ध भएर हल गरेर अगाडि बढनुपर्छ भनेर हामीले एउटा साझा संकल्प प्रस्ताव हामीले पेश गरेका छौँ, जो प्रस्ताव हाम्रो माननीय कृष्ण चन्द्र नेपाली पोखरेलज्यूले प्रस्तुत गर्नुभएको छ। प्रस्ताव गर्नुभएको छ सोलाई म समर्थन गर्न चाहन्छु सबै भन्दा पहिला आज खुशी पनि लागेको छ। यो हाम्रो साझा समस्या हो यो साझा समस्यालाई हामी सबैले पहिचान गरेका छौँ र एकतावद्ध भएका छौँ तर हामीले खुशी मानिरहँदाखेरी म यसरी खुशी भैरहँदा मलाई दुःख पनि लागेको छ । हाम्रो माननीय एकजना माननीय मन्त्रीज्यू प्रतिनिधि सभा लड्नको निम्ति जान्छु भनिराख्नु भएको छ । हामी तिन वर्षसम्म वहाँसंग हामीले सहकार्य गयौँ सायद मलाई लाग्छ यो विदाई हुने भन्ने चिज आफैमा एकदम गम्भिर एउटा संवेदनशिल चिज जस्तो पनि लाग्यो त्यसकारणले गर्दाखेरी मलाई दुःख पनि लागेको छ र वहाँलाई अग्रिम वधाई पनि दिन चाहन्छु। यो मानेमा मलाई फेरी खुशी के लागेको छ भन्दा एउटा प्रदेश सभा सदस्यले फेरी एउटा अवसर पाउने छ । त्यहाँ जुन नयाँ खालको एउटा क्षमता हामीसंग फेरी साथी भएर निस्किनुहुनेछ र त्यो क्षमतालाई हामीले केन्द्रीकरण गर्दै थोरै हामीले वहाँको क्षमतालाई पनि पाउनेछौँ र यो गण्डकी प्रदेशलाई मलाई लाग्छ हामी समृद्ध बनाउने दिशातिर पनि जानेछौँ यो मानेमा मलाई खुशी लागेको छ । आज हामीले यो सदनमा कोभिडको समस्याको बारेमा हामी बोलिरहँदाखेरी साझा समस्या बनाईरहँदाखेरी देशको राजनीतिक परिस्थिति अत्यन्त जटिल बनेर गएको मैले महशुस गरिराखेको छु। सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूले एउटा असंवैधानिक कदम चाल्नुभएको छ। अलोकतान्त्रिक कदम चाल्नु

भएको छ संसद विघटन गर्नुभएको छ। नेपाली जनताले दिएको पाँच वर्षको म्यान्डेटलाई वहाँले कुठाराघात गर्नुभएको छ। हामीले प्राप्त गरेको मलाई लाग्छ हाम्रा थुप्रै संघर्षहरु भए। हामी दश वर्षे जनयुद्धमा दिनरात नभनिकन लाग्यौँ। जनआन्दोलनमा लाग्यौँ त्यो माथि ठूलो प्रहार भएको छ। गुमाउनेहरुलाई थाहा हुन्छ त्यो पिडा थुप्रै नेपाली आमाका छोराछोरीहरु शहिद हुनुभएको छ । हाम्रा आफन्तहरु बेपत्ता छन् त्यो पिडा कसले बुझ्छ त्यो प्रधानमन्त्री के.पी. शर्मा ओलीले बुझ्नु पर्छकी पर्दैन ? पर्थ्यो तर वहाँले बुझ्नु भएन हामीले यत्रो त्याग गरेका छौँ बलिदान गरेका छौँ। निःशुल्क रुपमा हामीले समाज सेवामा समर्पित भैराखेका छौँ त्यसकारणले यसलाई रोदन भनेर जुन अभिव्यक्ति दिएको मैले यहाँ पाईराखेको छु। यो रोदन होईन यथार्थ हो र म के भन्न चाहन्छु भन्दाखेरी अझै पनि प्रधानमन्त्री सच्चिने ठाउँ छ। सच्चिएर आउनुस नेपाली जनताको चाहना पुरा गर्नुस भएन भने एउटा नयाँ जनादेश भनेर जुन खालको हामीले अपव्याख्या गरिराखेका छौँ जनतासंग नडराउन भनेर एउटा अपव्याख्या गरिराखेका छौँ यो जनता माथि ठूलो कुठाराघात भएको छ। यदि वहाँ सच्चिनु भएन भने म यो प्रदेश सभा यही सभा हलबाट म सिङ्गो नेपाली जनता गण्डकी प्रदेशका सिङ्गो जनतालाई म के आव्हान गर्न चाहन्छु भन्दा प्रतिगमनका विरुद्ध हामी सबै एकजुट होऔं जसरी हामी कोभिड नाइन्टिनको बारेमा साझा संकल्प प्रस्ताव लिएर हामी सबै दल एक ठाउँमा बसेर हामी एकतावद्द भएर हामीले गण्डकी प्रदेशलाई जुन खालको नयाँ सन्देश दिन खोजिराखेका छौँ। हामी पुनः एकतावद्द भएर प्रतिगमनको विरुद्धमा लाग्नको निम्ति म आव्हान गर्न चाहन्छु। अब जाऊ कोभिड नाइन्टिन तिर मलाई लाग्छ हामीले पहिला संकल्प प्रस्तावलाई यहाँ फेल पनि गरेका थियौँ त्यो तितो यथार्थ पनि हामीसंग छदैछ। त्यतिखेर हामीले यथार्थ कुरा भन्नुपर्छ माननीय मायानाथ र मैले ठूलै मेहनेत पनि गरेको अरु माननीयज्यूहरुले पनि ठूलै मेहनत गरेकै हो हामी त्यतिखेर यथार्थ कुरा हामीले लुकाउन हुँदैन जस्तो मलाई लाग्छ। त्यसकारणले गर्दा हामी त्यतिखेर पनि यो संकल्प प्रस्तावलाई हामीले साझा बनाउन त खोजेकै हो तर पनि फेरी त्यो बेला कतिपय प्राविधिक कुराहरुले हामीले साझा बनाउने हाम्रा चाहना हुँदाहुदै पनि

त्यो हामीले साझा बनाउन त सकेनौँ तर पनि ढिलै भए पनि हामी एकतावद्ध भएका छौँ। त्यसलाई अगाडि बढाउन खोजिराखेका छौँ। यो एकदम सकारात्मक पक्ष हो र यसलाई फेरी हामी सबै माननीयहरुलाई हामी आफैले धन्यवाद पनि दिन पर्छ जस्तो मलाई लाग्छ। माननीय सभामुखज्यू म पनि एउटा कोभिडको बिरामी हो जतिखेर मलाई कोभिड लागेको थियो त्यतिखेर मलाई लाग्छ मेरो चार चार जाना परिवारलाई हामी कोभिडको विरामी तेतिखेर थियौँ। मेरो पचासी वर्षको फूपुलाई पनि कोभिड लागेको थियो त्यतिखेर थुप्रै पत्रकार साथीहरु पनि कोभिडको बिरामी हुनुहुन्थ्यो माननीयज्यूहरु पनि त्यतिखेरै हामी कोभिडका बिरामी थुप्रै भैराखेका थियौँ तर मैले कोभिडको बारेमा मैले आफूलाई नलाग्दा सम्म मैले पनि त्यो फिलिङ गरिन कोभिड के हो भन्दा हाम्रो माननीय मोहन रेग्मीज्यूलाई कोभिड लाग्दा सायद हामीलाई त्यतिखेर फिलिङ त्यस्तो गरेनौँ। जब आफूलाई कोभिड लाग्यो र हामीले त्यो कोभिडको बारेमा अलि सिरियसपूर्वक हामी त्यसलाई खोतल्दै गयौँ हामी हस्पिटलसम्म पुग्यौँ। डाक्टरहरुको सल्लाह लियौँ कोभिड के हो ? कोभिड कसरी सञ्चो हुन्छ ? कसरी लाग्छ ? भन्ने सन्दर्भमा हामी जब घोतलियौँ हाम्रा परिवारहरु तितर वितर भैसकेपछि हामीलाई पनि त्यो समस्या परेकै हो यो यथार्थ कुरा हो तर हामीले त्यो भित्र छिरिसकेपछि मलाई लाग्छ कोभिड लागेको सामान्य जनताले बेड पाउँथेन त्यो मलाई थाहा थियो । मेरो श्रीमान र मेरो सासु हस्पिटलको बेडमा हुनुहुन्थ्यो म घरको आइसोलेसनमा म थिए मेरा बच्चाहरु जसलाई नेगेटिभ थियो मेरो परिवार तितर वितर भएको सन्दर्भमा मेरो श्रीमानले राती फोन हान्नु हुन्थ्यो मेरो बेड यतापट्टीको बिरामी आज मर्यो पाचँ पाचँ जना विरामी थियो उनिहरु सबै सकियो भनेर त्यो खालको कुराहरु गरिराख्नु हुन्थ्यो वहाँले त्यसो गर्दाखेरी हामीले त्यहाँ घोत्लिईसकेपछि मलाई लाग्छ राज्यले खर्च पनि गरेको छ तर सामान्य नागरिकले बेड पाउँदैन गईसकेपछि राम्रो खालको उपचार नपाको कुरा यथार्थ हो। राम्रोसंग उपचार पाईराखेको छैन यहाँ हाम्रो पोलिसीको समस्या छ यहाँ कार्यनीतिको समस्या छ। यी कुराहरु पहिचान गर्न जरुरी छ जस्तो मलाई लाग्छ किन भन्दाखेरी हामीले देख्यौँ हामी जस्तो माननीयहरुले त दुई चार घण्टामा हामीले

पिसीआरको रिपोर्ट ल्याउने त ठूलो कुरो भएन। प्राईभेटमा जाँदा पनि त्यतिखेर कोभिडको माहामारी हुँदाखेरी पनि कतिपय बिरामीहरुले त्यतिखेर पिसीआर गर्न पाउनु भएन। सरकारीको त कुरै छोडौं नागरिकको पहुँचमा छैन त्यो पिसीआर गर्ने कुराहरु कतिपय हामीले भन्यौं हैन यस्तो खालको अवस्था छ कोभिड लागेर हामी सबै सकिने भन्ने होईन कोभिडले केही समस्याहरु उत्पन्न गराउँछ ति समस्याहरुलाई पहिचान गरेर हामीले स्वास्थ्य क्षेत्रमा हामीले ध्यान दिएर अगाडि बढ्न सक्यौं भने मलाई लाग्छ हामी कोभिडबाट बच्न सक्छौं। कतिपय हामीले देख्यौं हाम्रै आँखा अगाडि हाम्रा आफन्तहरु नै कोभिडको कारणले मर्नुभयो। कोही विदेशमा मर्नुभयो, कोही नेपालमा मर्नुभयो, कोही छरछिमेकमै मर्नुभयो तर अकालमा मर्नुभएको छ उचित व्यवस्थापन नहुँदा यो खालको अवस्था आएको छ त्यसकारणले गर्दाखेरी हामीले यी कुराहरु जति पनि समस्याहरु छन् त्यसलाई पहिचान गरेर फेरी हामीले यहाँ एउटा साझा प्रस्ताव सबै कुरा समेटेर बनाएका छौं र अबको दिनमा हामीले बनाएका त छौं तर उसमा हामीले कसरी कार्यान्वयनमा लान्छौं हाम्रो कार्यान्वयन कसरी हुन्छ भन्ने कुरा हामी हेर्न बाँकी नै छौं छ तर पनि फेरी हामीले एउटा साझा प्रस्ताव बनाउनको निम्ति हामी सफल भएका छौं र अबको दिनमा पनि म के चाहन्छु भन्दा हामी गण्डकी प्रदेशका सबै माननीयहरु एक ठाउँमा उभिएका छौं। एक ठाउँमा अगाडि बढ्ने एउटा प्रतिवद्धता सहित हामी अगाडि बढिरहेका छौं। यो सन्दर्भ मलाई लाग्छ देशको परिस्थिति अहिले हामीले भनिराखेका छौं आफ्नो पार्टीका कारणले गर्दाखेरी संसद बिघटन गर्न पर्यो एउटा जिवित पार्टी भित्र अन्तर संघर्ष हुने कुरा आत्माआलोचना आलोचना हुने कुराहरु बैठकलाई विधि पद्धतिमा लाने कुराहरु बैठकका एजेण्डा बनाउने कुराहरु सरसल्लाह गरेर अगाडि बढ्ने कुरा यो नौलो कुरा होईन त्यो जिबित पार्टी भित्र अन्तरसंघर्ष हुन्छ कहिलेकाही आफू अल्पमतमा पनि परिन्छ तर अल्पमत मा परे भनेर नेपाली जनताको एउटा चाहना माथि कुठाराघात गर्न पाईदैन। यो असंवैधानिक कदममा हामी फेरी जसरी यसरी एकजुट भएका छौं सबै राजनैतिक दलहरु हामी एकजुट हुँदै अगाडि बढौं भन्ने एउटा आव्हान गर्दै यो प्रस्तावको समर्थन गर्न चाहन्छु। धन्यवाद्।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री प्रभा कोइराला ।

## माननीय श्री मणिभद्र शर्मा

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभामा हामी विशेष अधिवेशनको क्रममा जरुरी सार्वजनिक महत्वका प्रस्ताव र संकल्प प्रस्ताव छलफलको क्रममा छौँ। जरुरी सार्वजनिक महत्वको प्रस्तावमा महङ्गिका बारेमा, बेरोजगारीका बारेमा र सरकारले विनियोजित गरेका बजेटका प्रतिवद्धता समयमै सम्पन्न हुन् भन्ने विषयमा हामी छलफल गर्यौं । त्यो छलफलका क्रममा केही जिज्ञासाहरु आए। मैले सरकारलाई हार्दिक अनुरोध गर्छु महङ्गिका बारेमा सभासदहरुले जनताका घरदैलौमा गएर सर्भे गरेर ल्याएका डाटा तथ्य परक छन्। त्यो चुनौँतिका साथ हामी भन्न चाहन्छौँ र बरु अभिमानि भाषा बोल्न भन्दा गर्दा गर्दै अलि सकिएनकी भनेर गयो भने त्यो पाच्य हुन्छ सजिलो हुन्छ त्यो शैलि अपनाईदिए हुन्थ्यो भनेर अनुरोध पनि गर्छु। बेरोजगारी घटाउने रोजगारी बढाउने कुरामा पनि हामी चुक्यौँ सकेनौँ भनेर जनताका माझमा जनताका सार्वभौम प्रतिनिधिका माझमा बोल्दिनु भयो भने राम्रै हुन्छ। त्यहाँ पनि अभिमान झल्किदैन भन्ने अनुरोध गर्दै बजेट कार्यान्वयनका बारेमा समय अहिले यो आर्थिक वर्षमा धेरै दिन बाँकी छन्। कतिपय कामहरु अझ पनि कार्यविधि र कागज मिलाउँदा मिलाउँदै त्यो अफिसबाट बाहिर निस्केकै छैन अझ पनि त्यो ठूलो प्रसब वेदनामै छन्। त्यो भदौ असोज भित्रै निस्किनु पर्ने कामहरु निस्किएका छैनन् । कागजै कागजी कुरै बाहिर आएको छैन त्यसो हुनाले अब बाँकीका दिनमा गतिमा तिब्रता आओस भनेर ध्यान आकर्षण गराउँदै चिनबाट शुरु भएको कोरोना विशेष गरेर यो विद्वान माननीयज्यूहरुले अलि अमेरिका भारत ब्राजिलतिर बढी फोकस गर्नुभयो त्यताका मान्छेलाई बढी मन पारेछ यो कोरोनाले त्यो किन हो त्यसको कारण अलिकति मैले

जान्न मन लागेको छ। त्यो पछि कुरा गरौँला र घुम्दै घुम्दै हामीकहाँ पनि आयो बाग्लुङ्गका दुईजना महिलाहरु र सायद काठमाण्डौँ पाटन कताको हो एकजना गरेर तीनजनामा मात्रै संक्रमण पुष्टी भएपछि यहाँ सदनमा म आफैले यो भत्केरुको रुपमा आएको छ। यसले यो भत्केरै आउँदै यसले ठूलो खतरनाक तरङ्ग निर्माण गर्यो अब यो जन्ति आउँदा हाम्रो हालत के बनाउने होला सतर्क होऔं है भनेको थिए। यहाँ रेकर्डेड छ त्यो  यसको मतलब हो यो बाजा बजाएरै आएको थियो अब हामीले यसलाई कति व्यवस्थापन गर्न सक्यौँ कति सकेनौँ केही पनि गरेकै होईन सरकारले त हामीले भन्न मिल्दैन त्यो त्यो नैतिक हराम कुरा हुन्छ फेरी तर जति गर्यौ भनेर हामीले फेरी एकदम यहाँ गफ हाक्ने गर्या छौँ त्यस्तो त रिजल्ट त भएननि त आज मैले तथ्याङ्क लिदा १९९ जनाले त मृत्युवरण गर्नु भएछ यही गण्डकी प्रदेशका पनि मेरै जिल्लाको होनहार युवक अस्ति २८ गते विहान मैले प्लाष्टिकको बोरा भित्र शब बेरेर आर्मिको गाडिमा राख्दा आँशु खसालेर फर्केको मैले हाम्रो व्यवस्थापन बाग्लुङको जैमिनि नगरपालिका वाड नम्बर ८ को रामप्रसाद उपाध्याय बाग्लुङको हस्पिटलमा कोरोनाको आशंकाबाट आउनुहुन्छ आफ्नो घरबाट २२ गते पुष २२ गते वहाँ त्यहाँ भर्ना हुनुभयो स्वाव लियो त्यहाँको हस्पिटलले २६ गते राती वहाँको देहान्त भयो कोरोनाका कारणले २७ गते दिउसो रिपोर्ट जान्छ। हामीले गर्व गर्न लायक काम भयो की भएन यो ? २२ गते स्वाव लिईन्छ, २६ गते नै विरामीको अन्त्य हुन्छ २७ गते शब परिक्षणको रिजल्ट सुनाईन्छ। यो हिजो अस्तिको कुरा १०,१५ दिन अगाडिको कुरा म भन्दैछु गर्व गर्न लायकै हो त्यो काम ? तदारुकता भएकै हो ? मैले एउटा प्रतिनिधिमूलक उदाहरण मैले पेश गरे म त्यो बाग्लुङका अस्ति आखिरी दिनमा देहान्त हुनुहुने रामप्रसाद उपाध्याय २७ गते २६गते राति देहान्त हुने रामप्रसाद उपाध्याय र २८ गते बिहान देहान्त हुने विकास पौडेल समेतका १९९ जनालाई नै हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु र परिवारजन प्रति समवेदना पनि प्रकट गर्न चाहन्छु। अघिल्ला बैठकमा संकल्प प्रस्ताव आयो निश्चित रुपमा हामीले यो डरलाग्दो रुप छ यसलाई अलि बढि होशियार होऔ भनेर ध्यान

आकर्षण गराएको हो। त्यसलाई सत्ता पक्षले पचाउन सकेन। अहिले अलि कोरोना अलिकति थाकेको र अलि नरम पनि भएको हामी पनि नरम भएको र फेरी सत्ता पक्षले पनि ठिकै हो यसमा साझेदारी गरौ भनेकै छ। यसलाई म सबै राजनीतिक पार्टीहरु जो सदनमा प्रतिनिधित्व गर्नुहुन्छ वहाँहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यो प्रस्ताव संकल्प प्रस्तावमा हामी एक ठाउँमा छौँ र म फेरी पनि के अनुरोध गर्छु भने हामी दृढ रुपमा संकल्पित छौँ। संकल्पित त्यो ढङ्गले होऔ कि रिजल्ट आउने गरी होऔ। मैले अगाडि भने जस्तै स्वाव लिएको रिजल्ट ५, ६ दिन पछि पनि मृत्यु भए पछि कसको आयो आयो त्यसलाई खोज्नै थालिएन या त्यो रिजल्ट गएर सुनाईयो या त्यत्तिकै सुनाईयो मान्छे अर्कै ढङ्गको विव्हल भएको त्यो अवस्था सम्म मान्छेले आशंका गरेका छन्। यसरी हाम्रो काममा गति दिउँ यसरी हामी काम ठिक ठिक ढङ्गले गर्ने हाम्रो जनशक्तिलाई ठिक ठिक ढङ्गले परिचालन गर्ने गरौँ भन्ने मैले अनुरोध गर्छु। म बाग्लुङ हस्पिटलमा यो बिचमा यो कोरोनाको गतिविधि बढे पछि त्यहाँको सिडियोले त्यहाँ एउटा संयन्त्र बनाएछन्। त्यो जिल्लाबाट प्रतिनिधित्व गर्ने सभासदहरुलाई प्रदेश सभाका सदस्यहरुलाई पनि सल्लाहकार सदस्यको अण्डरमा राखेको रहेछ। कहिले कहिले मिटिङहरुमा पनि हामीलाई पनि बोलाए त्यसपछि म तीन चारवटा मिटिङमा मैले एटेन्ड चारवटा जति मिटिङ मैले पनि एटेन्ड गरे र मैले हस्पिटलमा शुरुका दुई जना कोरोना संक्रमित महिलाहरुलाई भेट्न पनि गए। त्यो १९ वर्षे नानीलाई मनोवैज्ञानिक समस्या पनि परेको रहेछ। सिडियो र हस्पिटलको डाक्टरलाई संगै राखेर काउन्सिलिङ गरिदिन पर्यो भनेपछि त्यो काम पनि भयो र वहाँ त्यसपछि सजिलै गरी जानुभयो। त्यसो हुनाले मेरो घरमा पनि कोरोनाको मेरो छोरालाई कोरोना भयो तिहारमा हामी संगै परिवार बस्न सकेनौँ। संस्कृतमा एउटा नीति श्लोक छ।नही बन्ध्या विदा नाति गुरुवेम प्रसव वेदना। सुत्केरी व्यथा कति कडा हुन्छ भन्ने कुरा सुत्केरी भएकाले मात्रै थाहा पाएका हुन्छन् भन्ने यो नीति श्लोकले भन्छ। हामी धेरै जना यहाँ त्यो व्यथा त्यो प्रसव वेदना कडा भन्दा कडा त्यो कोरोना वेदना भोगेका छन्। यसले नेपालमा त सबैलाई छोयो यहाँ कुनै

पार्टी विशेष पनि छुट्टाएन, जात विशेष पनि छुट्टाएन, धनी गरिब पनि छुट्टाएन, सबलाई यसले गाँजेको छ र यो भन्दा कडा रुपमा फेरी युरोपबाट यहाँ नेपालमा युकेबाट नेपालमा आएका तीनजनालाई पुष्टिभो भन्ने रिपोर्ट सार्बजनिक भएका छन्। त्यसको प्रचार प्रसारको क्षमता अझ तिव्र गतिमा छ भन्ने छ। त्यसका बारेको हाम्रो होसियारी हिजो अस्तिको भन्दा अझ राम्रो होस् भन्ने संकल्प पनि संगसंगै पास गरौं भन्दै यो कोरोना भाईरसले हामीलाई जुन ढङ्गले आक्रान्त पारिरहेको छ त्यस्तै एउटा आर्को भाईरस राजनीति भाईरस अहिले यहाँ सक्रिय छ त्यो राजनीति भाईरसले देशको संवैधानिक बाटो भत्काउदै हिडेको छ अलोकतान्त्रिक बाटो हिडेको छ र सर्वसत्तावादी शैलीमा अगाडि बढीरहेको छ यसलाई रोकथाम गर्न पनि हामी संकल्पित होउ भन्दै आफ्ना भनाईहरु अन्त गर्दछु। धन्यवाद जय नेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री चन्द्र बहादुर बुढा।

## माननीय श्री प्रभा कोइराला

सभामुख महोदय, प्रदेश सभामा नियमावलीको ७२ बमोजिम सहमतिको जरुरी सार्वजनिक महत्वको प्रस्ताव र कोभिड १९ को परिक्षण उपचार पूर्वाधार खोप सम्बन्धी संकल्प प्रस्ताव माथि छलफलमा छौं। सभामुख महोदय, कोरोना भाईरस कोभिड १९ विश्वभरी भयावहको रुपमा देखिएपछी जनस्वास्थ्यमा पुग्ने संभावित खतरा प्रति सचेत रहेर संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारहरुको व्यवस्थापनमा करिब ३% स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अग्रपंक्तिमा रहेर रातो दिन खट्ने स्वंमसेवक नागरिक समाज विभिन्न संघ संस्था समुदाय आमा समूहहरु संचारकर्मीहरु सबैमा स्यालुट गर्न चाहन्छु। यो साझा प्रयत्नबाटनै माहामारीको रुपमा आएको कोभिड नियन्त्रण गर्न

सकिएको विषय हामी सामु सर्वविदितै छ इतिहासका विभिन्न काल खण्डहरुमा विश्वका विभिन्न देश र त्यहाँका जनताले अपुरणिय क्षतिको सामना गर्दै विभिन्न प्रकारका विपदहरुको समेत कडा सामना गरेको देखिएको छ। चौधौ शताब्दीमा व्याकवेथ माहामारी १९८९ देखि १९९० सम्ममा रसियन फ्लु सन् १९१० देखि ११ मा कोलेरा हैजा सन् १९५६ मा एशिएन फ्लु, सन् १९५७ मा हङकङ फ्लु, सन् १९७६ मा एचआईभि एड्स, सन् १९०२ मा सार्स, सन् २००९ मा स्वाईनफ्लु जस्ता माहामारीहरुको पनि सामना गरेकै हो । सभामुख महोदय, हाल वर्तमानमा चिनको गुहेरी प्रान्तको वुहान शहरबाट २०१९ डिसेम्बरबाट नोवेला कोरोना भाइरस शुरु भई विश्वनै आक्रान्त र त्रसित बनाएको यो अवस्थामा धेरै भ्रम र हल्ला बढी भएका कारण जनमानसमा त्रास सिर्जना गर्ने काम मात्र भयोकी सरकारले कोभिड नियन्त्रणमा बनाएका योजनानै छायाँमा पर्ने  खतरा पनि सामना गर्नुपर्ने अवस्था रह्यो र पनि सरकारको तर्फबाट प्रभावकारी प्रयत्न गरियो। सभामुख महोदय, आज हामीसंग पिसीआर टेष्ट गर्ने ल्याबहरु ८२,११०२ संस्थागत आईसोलेसन सहित आवश्यक आइसियु भेन्टिलेटर सरकारी र निजि प्रयोगशाला जस मध्ये गण्डकी प्रदेशमा सरकारी र निजि प्रयोगशाला अक्सिजन प्लान्ट आवश्यकता अनुसार सरकारले बजेटको समेत विनियोजन गरेको छ। यसबाट सर्वसाधारणले निःशुल्क रुपमा उपचार समेतमा सेवा पाईरहेको अवस्था हामी माझ स्पष्ट छ। सभामुख महोदय, यति मात्रै हैन २ वटा कल सेन्टर समेत व्यवस्थापन गरेर हरेक सेवा सुविधाकासाथ जानकारी लिने र दिने गरेको विषय पनि म सम्मानित सभामा राख्न चाहन्छु। रात दिन विरामीको सेवामा फ्रन्ट लाईनमा खटिनेलाई प्रोत्साहन भत्ताको सुविधा, अस्पताल सुदृढिकरण जनशक्ति परिचालन र सामाग्री हरुको व्यवस्थापन जिम्मेवार ढङ्गबाट गरिएकै कारण संक्रमित दरको तुलनामा सभामुख महोदय, मृत्यदर ०।७५ मात्र छ जसले गर्दा सरकारको क्रियाशिलतालाई प्रष्ट पार्दैन र ? सभामुख महोदय, सरकारको प्रयत्नमा पहिलो प्राथमिकतामा खोप लगाउने २०% करिब ६० लाख जनसंख्या यसमा करिब ३% स्वास्थ्यकर्मी र बाँकी १७%  ५५ वर्ष माथिका उमेर समूहका

दीर्घ रोगीहरु पर्दछन्। कोरोना भाईरसको नयाँ रुप बेलायतमा देखा परी भारत र नेपालमै पनि केही व्यक्तिहरुमा थप समस्या दिन सक्ने बर्तमान अवस्था छ यो बेला रोग प्रतिरोधात्मक क्षमता बढाउन अत्यन्त उपयोगी जडिबुटीहरुको पहिचान र यसको राम्रो उपयोग विधिबारे सचेतना अभिवृद्धि गर्नुपर्ने मैले देखिरहेको छु। सरकारको क्रियाशिलताकै कारण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट गण्डकी प्रदेशलाई प्राप्त कोरोना परीक्षणका लागि नयाँ मेशिन आरएनए अटो एक्स क्याप्सन आईपुगी सेवा सञ्चालन भईरहेको आजको स्थितिमा थप सुरक्षित रहने वातावरण बनेको छ। सभामुख महोदय, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश र विश्व स्वास्थ्य संगठनका प्रतिनिधि सहितको टोलीले कोभिड १९ सम्बन्धि केस अनुसन्धान तथा कन्ट्रयाक ट्रेसिङको कार्यमा जुटिरहेको छ। स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्रमा जनशक्तिको क्षमता विकास माहामारी र सम्भावित विपदको व्यवस्थापनमा पूर्व तयारी गर्दै प्रभावकारी प्रतिकार्यका लागि औषधी र स्वास्थ्य सामाग्रीको भण्डारण र वितरणको लागि सरकार तिव्र गतिका साथ  लागेको महशुस गरेको छु। यसका अतिरिक्त कोभिड अस्पतालका रुपमा सामुदायिक प्राकृतिक चिकित्साले रजहरमा कोरोना संक्रमित व्यक्तिहरुलाई स्वास्थ्य संरक्षणका अनुकरणिय रुप सकारात्मकता बढाउँदै उपचार उपचारात्मक कार्य गर्ने र कोरोनायुक्त व्यक्तिहरु मार्फत जीबनप्रति सकारात्मक सन्देश प्रवाह गर्नेगरी औषधीजन्य महत्वको जडिबुटीका विरुवासंग जोड्न गरिएको प्रयाश यतिबेला अत्यन्तै अनुकरणिय र प्रशंसनिय रहेको छ।यसैगरी गण्डकी हस्पिटल लेखनाथमा रहेको लेखनाथ सामुदायिक हस्पिटलको तर्फबाट गरिएका भूमिकाहरुको पनि प्रशंसा गर्न चाहन्छु। सभामुख महोदय, अपार साधन स्रोतले सम्पन्न सर्वशक्तिशाली राष्ट्रहरु अमेरिका देखी यूरोप सम्म दक्षिण एशियाली राष्ट्र देखी दक्षिण अमेरिकी राष्ट्र कोरोनाको सामु निरिह साबित भैरहेका बेला नेपाल जस्तो विकासोन्मुख राष्ट्र त्यसैमा पनि सिमित स्रोत साधन र अधिकार भएको गण्डकी प्रदेश सरकारले कोरोनालाई हराउन धेरैनै प्रयत्न गरिरहेको छ। यी प्रयत्न गर्दै यही प्रयत्न गर्दै जनताको

जनजीवन सहज गर्न गण्डकी प्रदेश सरकारले केही गरेन भन्नु के न्याय सङ्गत होला? यति भन्दै यस संकल्प प्रस्तावलाई म र मेरो दलको तर्फबाट पूर्ण समर्थन गर्दै विदा हुन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री चन्द्र बहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछी माननीय सदस्य श्री धनञ्जय दबाडी ।

## माननीय श्री चन्द्र बहादुर बुढा

माननीय सभामुख महोदय, विशेष अधिवेशनको सन्दर्भमा हामी यो साझा संकल्प प्रस्ताव विशेषतः कोभिड नाइन्टिन बारे छलफलमा छौँ। सर्वप्रथमत हाम्रो सायद यो करिब एक वर्षको हुनसक्छ हामी यो माहामारीसंग जुध्यौँ। हामीले धेरै छलफल र बहस चलायौँ कतिपय रचनात्मक सुझावहरु, सल्लाहहरु प्राप्त गर्यौ र हामीले कोशिस गर्यौ र अहिले सम्म आउँदा खेरी हाम्रो निष्कर्ष कही न कही हाम्रो समस्याहरु रह्यो। कही न कही हामी चुक्यौकी भन्नेबाट हाम्रो समीक्षा हो जस्तो लाग्छ र त्यही सन्दर्भमा माननीय सदस्य कृष्णचन्द्र नेपाली पोखरेलजीले संकल्प प्रस्ताव दर्ता गर्नुभयो र हामी त्यहाँ छलफलमा छौँ र यो छलफल गरिरहदा खेरी मुख्य कुरा हामीले यो १३ बुँदालाई अध्ययन गर्दा खेरी यो १३ बुँदाभित्रको मुख्य के हो र हामीले यो संकल्प प्रस्तावबाट हामी के निष्कर्षतिर जादैछौँ अथवा हामीले आगामी दिनमा यो माहामारीको विरुद्ध हाम्रो एकता, हाम्रो संकल्प, हाम्रो प्रतिवद्धताहरुलाई कसरी हामीले आम जनताबिच व्यक्त गर्न सक्छौँ भन्ने कुरा केन्द्रीत छ जस्तो लाग्छ। त्यसो गर्दा मैले धेरै विषयहरु राख्नु भन्दा पनि पहिलो कुरा यो संकल्प प्रस्तावको अन्तर बस्तुलाई हेर्दा खेरी यो एक वर्षको अवधिको बिचमा हामीले गरेका अनुभूतिहरु कोभिड नाईन्टिन बारे हाम्रो यसको रोकथाम, नियन्त्रण, उपचार र व्यवस्थापन हामीले गर्यौ धेरै गर्यौ। यसलाई हामीले अन्यथाको रुपमा लिनुपर्छ जस्तो लाग्दैन तर यो अलि प्रभावकारी अलि जिवन्त तहमा

हुन सकेनकी भन्ने विषयहरु उठाईएको छ जस्तो लाग्छ। यो प्रभावकारी कार्य सम्पादन गर्नको लागि यो संकल्प प्रस्तावले धेरै अर्थ राख्छ यसको विशेष महत्व छ भन्ने मैले बुझिरहेको छु। यसो भनिरहदा हामीले पूर्वाधारको कुरा गरेका छौँ, हामीले अरु स्वास्थ्य सामाग्री उपकरणहरुको कुरा गरिराखेका छौँ, जनशक्तिका कुराहरु गरिराखेका छौँ र हामीले अझै यसलाई व्यवस्थित गर्नको लागि यो खोप व्यवस्थापनको कुराहरु पनि गरिराखेका छौँ। त्यसो गर्दा मैले अनुभूति गरेको पहिलो कुरा विषय के हो भने पछि अबको आगामी दिनहरुमा आईपर्ने चुनौतिहरु माहामारीहरुको विरुद्ध हामी पूर्व तयारी होउ है यसको मतलब अहिले भएको व्यवस्थापनलाई नै अझै प्रभावकारी बनाऊ है भन्ने नै हामी केन्द्रीत छौँ भन्ने लाग्छ। पहिलो बुँदा अहिले हामीले सुनेका छौँ अघि माननीयज्यूले पनि राख्नुभयो यो सार्सको टु नेपालमा प्रवेश गरिसक्यो बेलायतबाट आज  मानिसहरु एकजना महिला र दुईजना पुरुष म अहिले हङकङको ल्याबमा पुष्टि भैसक्यो। यो प्रमाणित हिजो गर्यो अब यसको पनि विस्तार हुँदैछ है। त्यसो भएको हुँदा यो माहामारीलाई समेत हामीले व्यवस्थापन गर्न अलि हाम्रो प्रतिवद्धता हाम्रो संकल्पहरुलाई माथि उठाउनु पर्छ नयाँ उचाइबाट हामीले सोच्नुपर्छ भन्ने साझा बुझाई साझा उद्देश्य हो जस्तो लाग्छ। दोश्रो कुरा यतिले मात्र पुगेन हामीले मेहनेत त गर्यौं थुप्रै गर्यौं तर कही न कही चुक्यौँ  भनिराख्या छौँ। अलि प्रभावकारी हुन सकेनकी यसो हेर्दा अलि अलि त भन्न पर्छ जस्तो लाग्छ हाम्रा माननीय मन्त्रीहरु हामी सांसदहरु एकचोटी सामान्य प्यासेन्ट भएर जाउत हस्पिटलहरुमा त्यहाँ अनुभूति हुन्छ के त्यहाँ छनछनति देखा पर्छ त्यहाँ त्यहाँको सिष्टम के हो ? त्यहाँको व्यवहार के हो ? त्यहाँको उपचार विधि के हो त्यहाँको अरु व्यवस्थापन के हो ? एकचोटी जाऊन त जवाफ सफा हिसाबले दिउ भन्ने त लाग्छ होला तर व्यवहारत हामी त्यहाँ समस्यामा छौँ यसको हल गर्नको निमित्त अर्को महत्वपूर्ण कुरा के भने संसदीय समिति गठनको कुरा हो जस्तो लाग्छ। यो दुईवटा कुरा एउटा कोभिड नाईन्टिन देखि आगामी माहामारी अरु चुनौतिहरुसंग सामना गर्ने हाम्रो संकल्प त्यसको तयारी व्यवस्थापन र दोश्रो कुरा

यसलाई अझै प्रभावकारी यसको अनुगमन, निरिक्षण, व्यवस्थापनको लागि बनाईने संसदिय समिति यी दुईटा कुरा महत्वपूर्ण हो जस्तो लाग्छ यो संकल्प प्रस्तावमा मैले पहिलो कुरा यो राखे। दोश्रो कुरा हामीले विशेष अधिवेशनमा हामीले सार्वजनिक महत्वको प्रस्तावहरु माथि छलफल चलायौँ बहस छलफल गर्यौं हाम्रो बहस छलफल कतातिर ओरियन्टेड छ भन्ने कुरा चित्र छ्याङछ्याङति देखा पर्यो। हामी बहस हामी अलि सतहि बन्यौँ बहसमा हामी अलि मूल समस्या के के केन्द्रीत हुन सकेनौँ। हाम्रो सैद्धान्तिक प्रश्न के हो हाम्रो नीतिगत प्रश्न के हो त्यहाँ हामी केन्द्रीत हुन सकेनौँ बाधक हाम्रो अहिलेको सन्दर्भमा के हो अहिलेको यो संरचना प्रणाली व्यवस्था र राज्यले लिएका नीतिहरु प्रति बाधक के हो भन्ने कुरामा हामी अलि केन्द्रीत हुन सकिराख्या छैनौँ यो सैद्धान्तिक प्रश्न हो नीतिगत प्रश्नमा केही होला अरु विधिहरु छन् । हामी अस्ति छलफल पनि चलाएका छौँ त्यो हामीले ४७, ४८ साल देखि हामीले अभ्यास गर्दै आएका छौँ। यो निजिकरण र उदारीकरण जसको प्रभाव अहिले शिक्षामा भन्नुहोस स्वास्थ्यमा भन्नुहोस विकास निर्माणमा भन्नुहोस हामीले उत्पादन र उत्पादकत्वको वृद्धिको कुरा गरेको हो औद्योगिक व्यवसायिकरणको कुरा रोजगार अन्त्यको कुरा गरेका छौँ। बाधक यहाँनेर छ हामीले यहाँ किन छलफल नचलाउने हमीले यसलाई करेक्सन गर्न किन कोशिस नगर्ने हामी नीति निर्माता हुनुको नाताले म विशेष ध्यान दिदै त्यसो भए मुख्य कुरा के भने नेपालको अर्थ राजनीति हो हाम्रो दृष्टिकोण हो हाम्रो इच्छा शक्ति हो यहाँ हामी कही न कही चुकेका छौँ । हाम्रो बहस अब यो संसदलाई त्यतातिर ओरियन्टेड गर्नुपर्छ। माननीय र सबै तपाई हामीहरु सरकार गम्भिर हुनुपर्छ भन्ने कुरा म दोश्रो विषय राख्न चाहे। तेश्रो कुरा अहिले यो संसदमा बहस अलि गम्भिरतापूर्वक उठेको छ अलि यो संवेदनशिल विषय हो जस्तो लाग्छ। विषय के हो त अहिले राष्ट्रिय राजनीतिमा जो परिघटना घटेको छ यसको सायद धेरै कोणबाट बहस छलफल हुने गरेको छ एउटा तर्क सत्ता शक्ति सबथोक हो भन्नेतिर कतै मुखरित हुन खोज्या जस्तो अर्को हामी ऐन कानून संविधान त मान्नु पर्योनित भन्नेतिर साच्चै

यथार्थता के हो हामी अहिले यहाँ गम्भिरतापूर्वक छलफल बहस र सच्चाई के हो र अहिलेको हामीले गर्न खोजेको विषय के हो भन्दैमा अलि केन्द्रीत हुनपर्छ जस्तो लाग्छ। यसो भनिरहँदा अहिलेको परिघटना नेपालको सन्दर्भमा अलि दुर्भाग्यपूर्ण हो। अहिले असंवैधानिक अलोकतान्त्रिक जनदबाब विपरित हो भनि राख्याछौँ यसले कही न कही धेरै कुरासंग अन्तरसम्बन्धित छ धेरै कुरासंग जोडिएको छ र अहिले सम्मको उपलब्धिसंग कही न कही कोइशन उठेको छ। त्यसो भएको हुनाले हामीले यथार्थताको धरातलमा टेकेर बहस छलफल चलाउ हाम्रो नयाँ प्रणाली संरचनामा जादै गर्दा हाम्रो बहस के हो हामीले अस्थिरताको अन्त्य गर्ने पहिलो मक्सद हो। त्यसको लागि संविधान निर्माणको सन्दर्भमा हाम्रो छलफलको विषय दुई वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाईने दुई वर्ष पछि राख्यो भने त्यो पारित भए पनि फेरी एक वर्ष सम्म राख्न नपाईने। हामीले हारेकाहरुलाई मन्त्रीमण्डलमा लैजान नपाउने र असिमित अधिकार रहेको प्रधानमन्त्रीमा यो अधिकार छ त्यसलाई अन्त्य गर्ने कुरा गर्या होनि त आखिर तथ्य त कुरा यही होनि त। हामीले ४७ सालको संविधानको धारा ५३ लाई हटाएर अहिले त्यो असिमित अधिकार दिनुहुन्न है भन्ने छलफल र हाम्रो निष्कर्ष त यो होनि त। हामी हाम्रो बुझाईहरुलाई कतातिर मुखरित गर्दै छौँ यो अलि गम्भिर विषय हो यो छलफल हुनुपर्छ। अलि छलफल हुनुपर्छ, आन्तरिक हिसाबले पनि बाह्य हिसाबले पनि र तथ्यमा हामी पुग्न सक्यौँ भने १०० दिन उपलब्धिको रक्षा र हामी जो परिकल्पना गरेका छौँ त्यो ठाउँमा पुग्न हामी सहज ढङ्गले लाग्न सक्छौँ र यो अतिवादको अन्तय कुनै न कुनै अतिवाद जो देखा पर्न खोज्दै छ। यसको विरुद्‌धमा हामी जान नै सान्दर्भिक हुन्छ जसले हामी फेरी अर्को ठाउँमा अलि व्याख्या विश्लेषणमा पनि फरक ढङ्गले भएका छन्। हामी जनतन टेष्टेड हुने कुरा मात्रै लोकतन्त्र होईन, त्यो संविधानको सर्वोच्चता पनि हो, विधिको शासन पनि हो शक्ति पृथकीकरणको सिद्‌धान्त पनि हो। हामी एउटा अंशमा मात्र बहस छलफल गर्न खोज्यौँ भने हामीले सही दिशा पकड्न सक्दैनौँ। यसमा विशेष ध्यान जान जरुरी छ हाम्रा आदरणिय लिडरहरुले पनि यसलाई गम्भिरतापूर्वक

लिनुपर्छ भन्ने यही अपेक्षाका साथ अन्तमा यो साझा संकल्प प्रस्ताव म पूर्ण सफलताको कामना गर्दै म यसको समर्थन गर्दै यो हामी भावी दिनहरुमा चुनौंतिसंग सामना गर्ने सन्दर्भमा हाम्रो एकता हाम्रो संकल्प नयाँ उचाईबाट उठ्नेछ। हाम्रा कार्यसम्पादनहरुलाई पनि प्रभावकारी ढङ्गले परिणाममुखी ढङ्गले अगाडि बढाउनेछौं। यही अपेक्षाका साथ आफ्नो भनाई अन्त्य गर्दछु। हस् त धन्यवाद अभिवादन।

## माननीय सभामुख

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री रोशन गाहा मगर।

## माननीय श्री धनञ्जय दवाडी

सभामुख महोदय, विशेष अधिवेशनको सन्दर्भमा प्रस्तुत गरिएको संकल्प प्रस्तावको सन्दर्भमा छलफल हुन उपस्थित भएको छु। हाम्रो लोकतन्त्रले हाम्रो संविधानले सहमति समन्वय र सहकार्यको सिद्धान्तलाई आत्मसात गरेको छ। प्रत्येक विषयहरुमा छलफल हुनु तर्क हुनु र सहमतिका साथ उपस्थित हुनु यो लोकतन्त्रको एउटा चरित्र हो। यो लोकतन्त्र संसदीय लोकतन्त्र हो। संसदीय लोकतन्त्रमा हामीले संसदीय विधि पद्धतिको पालना गर्नु अनिवार्य चिज हुन्छ र हामी जुन लोकतन्त्रमा अभ्यास गरिरहेका छौं त्यही लोकतन्त्रको सुदृढिकरण र विकासको दायित्व हाम्रो हुने गर्दछ। यसका निमित्त गण्डकी प्रदेश सभाले आफ्नो नियमावलीका आधारमा हाम्रो संविधानका व्यवस्थाका आधारमा हाम्रो लोक परम्पराका आधारमा जे खालको अभ्यासमा आज हामी छौं त्यो लोकतन्त्रलाई सुदृढिकरण गर्ने अभियानकासाथ कार्यकासाथ उपस्थित भएका छौं छलफल गरिरहेका छौं। संकल्पित हुनु, दृढ निश्चयी हुनु र त्यो दिशामा अग्रसर हुन प्रतिवद्ध हुनु संसदीय परम्पराको र संसदको सब भन्दा महत्वपूर्ण दायित्व र जिम्मेवारी हो। यो कामका निमित्त आज हामीले कोभिड १९ का सन्दर्भमा महाव्याधिका विरुद्ध लड्न, कोरोनाको दुष्प्रभावबाट नागरिकलाई सुरक्षित राख्न, स्वास्थ्य सम्बन्धी मौलिक

हकको कार्यान्वयन गर्ने, स्वास्थ्य पूर्वाधार जनशक्ति र खोप सम्बन्धि वैज्ञानिक व्यवस्थापन गर्नेका निमित्त सर्वदलिय सहमतिकासाथ संकल्प प्रस्ताव प्रस्तुत गरेर आज छलफलमा छौँ । छलफल गरिरहेका छौँ र सहमति जनाईरहेका छौँ । यो सहमति कार्यान्वयन गर्नका लागि यो सहमतिलाई जनस्तरमा पुर्याउनको लागि र जनताको जीवनस्तरमा परिवर्तन गर्नका निमित्त संसदले गर्ने सहमति हो संसदले जनाउने प्रतिवद्धता हो र यो संसदमा उपस्थित भएका दलहरुको सहकार्यमा एकतामा मात्रै सम्भव हुन्छ। यदि यसमा एकता रहेन सहमति भएन भने हामी यस्ता कुराहरु पुरा गर्न सक्दैनौँ भन्ने कुराको सन्दर्भ उदाहरण हाम्रै गण्डकी प्रदेश सभा काफी छ। हामीले विगतमा यो अभ्यास गरिसकेका छौँ। हामी जे अभ्यासमा जे काममा अहिले छौँ यो कामका निमित्त नेपालको संविधानको धारा ३५ ले आधारभूत स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था गरेको छ। त्यो कामलाई कार्यान्वयन गर्नका निमित्त यो संविधानसंग यो संविधानका आधारमा निर्वाचित हुने संसद र सरकार निरन्तर प्रतिवद्ध रहनु पर्छ। संविधान भन्दा बाहिर संविधान भन्दा बाहिर खोजिने संसद भन्दा  बाहिर खोजिने कुनै पनि समस्याको समाधान गर्न सक्दैनन्। हामी त्यहीबाट उभिनु पर्दछ यसकारणले स्वास्थ्य सम्बन्धी आईरहेका यी तमाम समस्याहरुको हल हामीले यही दिशाबाट खोज्नु पर्दछ तर यी समस्या कहाँबाट उत्पन्न भए के यी गण्डकी प्रदेश सभा गठन भएको यो तिन वर्ष भित्रमा यही जन्मेका समस्या हुनकी यसको कुनै इतिहास छ कुनै बाटो र पाटो छ। यहाँनेर हामीले खोज्नु पर्छ नेपालले आफ्नो विकासको बाटो तय गरिरहेका सन्दर्भमा बेलगाम उदार पूँजीवादको यात्रामा जब दौडियो निजिकरणको यात्रामा दौडियो त्यसको सबभन्दा बेसी क्षति स्वास्थ्य क्षेत्र र शिक्षा क्षेत्रमा भएको कुरामा अब कसैको पनि दुई मत हुन्छ भन्ने लाग्दैन। स्वास्थ्य क्षेत्रमा जुन ढङ्गले हामीले निजिकरण गर्यौ उदार पूँजीवादको पक्षपोषण गर्यौ विगतमा त्यसको प्रतिफल आज हामी व्यहोरिरहेका छौँ। यसकारणले यो संकल्प प्रस्तावले हामीलाई फेरी पनि सचेत के गराएको छ सरकारलाई फेरी सचेत के गराएको छ हाम्रो हिड्ने दिशालाई के कुरामा सचेत गराएको छ भने

जनताका आधारभूत मौलिक स्वास्थ्यसंग जोडिएका मौलिक अधिकारसंग जोडिएका सवालहरुमा सरकारको दायित्व र जिम्मेवारी हुन्छ त्यसकारणले सरकारी दायित्व र जिम्मेवारी पुरा गर्नका लागि सरकारका नीति योजना र बजेटहरु त्यही ढङ्गले किर्यान्वयन हुनु पर्दछ। त्यही ढङ्गले कार्यान्वयन त्यसको प्रतिफल खोजिनु पर्दछ भन्ने सन्देश दिन खोजेको यसकारणले हामीले अपनाई रहेको नीति हामीले बनाई रहेका सिद्धान्तहरुको पुर्नविचार गर्न जरुरी छ। स्वास्थ्य महत्वपूर्ण चिज हो र स्वस्थ्य रहनका निमित्त यी सबै चिज हामीले सामना गर्न सक्ने गरी हाम्रो मुलुकको अर्थतन्त्रलाई हाम्रो सामाजिक संरचनालाई निर्माण गर्नुपर्दछ। यो निर्माण गर्ने दायित्व गण्डकी प्रदेशमा गण्डकी प्रदेश सरकारको सबै प्रदेशमा प्रदेश सरकारको, स्थानीय तहमा स्थानीय सरकारहरुको आ(आफ्नो जिम्मेवारी अनुसार संघमा संघीय सरकारको केन्द्रीय सरकारको रहन्छ भन्ने कुरा हामीले बुझ्नुपर्दछ र त्यसरी नै संकल्प प्रस्तावलाई लिनु पर्दछ भन्ने लाग्दछ। जब सम्म हामी उदारवादको उदार पूँजीवादको वेलगाम यात्रामा दौँडिरहन्छौँ तब सम्म यस्ता परिस्थितिहरु सिर्जना भैरहन्छन् तर यो सिर्जना भएको परिस्थिति नेपालमा एकाएक तयार भएको परिस्थिति होईन। यो मानव जातिमा मानव सभ्यता माथि नै धावा बोल्ने गरेर जुन कोरोना भाईरस आईरहेको छ यस्ता समस्याहरु हामीले विगतमा धेरै चोटी जुध्यौँ र धेरै समस्याहरूसंग जुध्दै मानव जातिले आफ्नो सभ्यता र विकास यो चरणमा आफूलाई पुर्याएको छ। यसकारणले यो सभ्यताको यो चरणमा प्रवेश गरिरहेको मानव जातिले आफ्नो थप मानव जीवनलाई सुदृढ, सभ्य, सुसंस्कृत बनाउनका निमित्त अरु थप थप खालका योजनाहरु बनाएर अगाडि बढ्ने छ भन्ने कुरामा विश्वास दिलाउन चाहन्छु। हामी संसदमा धेरै चिजका बहस गर्छौँ संसद भित्रै बहस गरिने कुरा बहुत राम्रा र उपयुक्त हुन्छन भन्ने ठान्दछु  तर संसदमा प्रयोग गरिने भाषा शैली र संसदमा गरिने शब्दहरुका चयनले पनि हाम्रो पछिल्लो पुस्ताका लागि मार्ग निर्देश गरिरहेको हुन्छ। त्यस माथि हामीहरु जो यो संघीय प्रणालीमा गण्डकी प्रदेश सभामा पहिलो पटक आएका छौँ। पछिल्लो पुस्ताका सांसदहरु पछिल्लो पटक

आउने सांसदहरुका लागि पनि मार्गदर्शन गर्ने योजना उनिहरुलाई सिक्ने अवसर प्रदान गर्नेगरी हामीले त्यस्ता भाषाशैली प्रयोग गर्दा जरुरी हुन्छ आवश्यक हुन्छ भन्ने ठान्दछु। स्वभाविक हो हामीले अपनाएको प्रणालीमा हामी ३ तहको सरकारमा छौँ, ३ तहको संसदमा छौँ। एउटा संसद बिघटन हुदै अरु सांसदहरुले आफ्नो दायित्व बिर्सनु पर्छ यो जरुरी छैन अरु सबै सांसदहरु जनताप्रति उत्तरदायी भएर आफ्ना काम गरिरहहेका हुन्छन र गरिरहनु पर्दछ तर संसदमा लोकतन्त्रमा दलहरुका पनि आफ्ना निश्चित जिम्मेवारी हुन्छन् र त्यो संविधान सम्मत हुनुपर्दछ भन्ने मान्यता प्रत्येक दलले स्वीकार्नु पर्छ त्यसकारणले सदस्यले स्वीकार्नु पर्दछ। दल भित्रका खेलहरुलाई दलभित्रका विवादहरुलाई दलको आचरण विधि र विधान विपरित संसदमा खेल्न खोजिन्छ भने परिणाम यस्तै हुन्छ यो सधै बारम्बार भैरहने चिज हुन् यसलाई अनौठो ठान्नुपर्दछ भन्ने ठान्दिन जहाँ पनि ध्वंशबाट मात्रै ध्वंशबाट मात्रै निर्माण देख्ने दृष्टिकोण छ त्यो ध्वंशबाट निर्माण देख्ने दृष्टिकोणबाट फर्किन जरुरी छ। प्रत्येक चिज ध्वंश गरेर नयाँ सिर्जना गर्न सकिन्न। यो तथ्यलाई बुझ्न जरुरी हुन्छ। समाजमा अराजकता फैलाएर समाजमा शाकाहारी आन्दोलन भएन मांशाहारी आन्दोलन हुनुपर्दछ भनेर भाषण गरेर समाजलाई उत्तेजित बनाएर लान खोजेको कहाँ हो ? लोकतन्त्रको सुदृढिकरणको लागि हो ? अग्रगमनको लागि हो या पश्चगमनको लागि हो ? नामका लागि नाराका लागि आवाजको लागि विद्रोहको लागि मान्छेलाई उरालेर मान्छेलाई विद्रोहमा भड्काएर अनि मान्छेलाई विद्रोह गर्न लगाएर नाममा बामपन्थि अनि काममा दक्षिणपन्थिको सेवा गर्ने नाबाकादाहरुसंग सधै होश गर्नुपर्ने सधै ख्याल गर्नुपर्ने र नेपाली जनताले चिन्नुपर्ने दिन शुरुवात भएको छ। संघीय संसद बिघटन भयो संघीय संसदको बिघटनमा आफ्ना आवाजहरु हुन सक्छन् आफ्ना तर्कहरु हुन सक्छन् के श्रेयताको नाममा बाग्मती प्रदेशमा श्रेयताको नाममा १ नम्बर प्रदेशको मच्चाईरहेको बितण्डाले श्रेयता सिर्जना गर्छ ? मुलुकको लोकतन्त्रलाई सुदृढिकरण गर्छ, मुलुकको लोकतन्त्रलाई अग्रगमनमा लैजान्छ संघीय व्यवस्थालाई सुदृढ गर्छ प्रान्तिय सरकारहरु

बलिया हुन्छन्, जनताका मागहरु पुरा हुन्छन्। के यसरी  यही लोकतन्त्रको यही संघीयताको यही परिकल्पना हामीले गरिरहेको हो र किमार्थ होईन। हामीले हाम्रा वादहरु हाम्रा विवादहरु हाम्रा विचारहरु हाम्रा छलफलहरु संसदबाटै निरुपण गर्छौं भनेका संसदमै बसेर निरुपण गर्छौं छलफल गर्छौं प्रणालीलाई स्थापित गरेको हो। त्यही प्रणालीको आधारमा लोकतन्त्रलाई सुदृढीकरण र विकास गर्छौं भन्ने विश्वास व्यक्त गरेको हो। नेपाली जनताले गणतन्त्रका लागि बगाएको पसिना गरेको श्रम बगाएको रगत दिएको बलिदान कसैको पदका निमित्त कसैको परिवारका निमित्त कसैलाई पैसा कमाउनका निमित्त साधन हुन सक्छ ? किमार्थ हुन सक्दैन। यस्ता चिजहरु सही हुन भनेर तर्क गरिनु हुन्न तर्क के मा गरिनु पर्छ प्रणालीमा तर्क गरौँ व्यवस्थामा तर्क गरौँ समाजको अग्रगमनमा तर्क गरौँ विकासमा तर्क गरौँ। आज हामीले गरिएका बहस र छलफलले हाम्रो मुलुकलाई अग्रगमन र विकास र प्रगतिको बाटोमा लैजानका निमित्त, हामीले तय गरेका निति र सिद्धान्तलाई कार्यान्वयन गर्नका निमित्त, गरीब झुपडीमा बत्ति बाल्नका निमित्त बिरामीलाई औषधी खुवाउनका निमित्त भईरहेको छ की कसैलाई रहर लाग्यो कसैलाई मन लाग्यो भनेर प्रधानमन्त्री बनाउनको लागि, कसैको पार्टीमा अध्यक्ष हुन सकेन भने अध्यक्ष हुनको लागि, सडकमा युवाहरुलाई बलिदानका निमित्त आव्हान गरिरहेका छौँ हामीले यतातर्फ ख्याल गर्नु पर्दैन ? पार्टीको अध्यक्ष हुँन मन लाग्दा यसको विधि छ त्यसको विधान छ त्यसको विधानका आधारमा अधिवेशनहरुमा निर्वाचित हुने हो प्रधानमन्त्री हुन मन लागे दलको नेता हुनलाई त्यही विधि र पद्धतिलाई अवलम्बन गर्ने हो संसदीय निर्वाचनमा उभिने हो जित्ने हो र फेरी जनताको मन जितेर फेरी नेतृत्वमा पुग्ने हो यो इतिहास दुनियाँका सबै मुलुकहरुमा छन्। यति विकृत ढङ्गले यति विकृत ढङ्गले यो इतिहासलाई तोरोडमोड गर्ने यो प्रजातन्त्रलाई यो पार्टी प्रणालीलाई नै ध्वस्त गर्ने तरिकाले जुन ध्वंश सिर्जना गर्न खोजिएको छ यो ध्वंशको विरुद्ध सबैतिर आवाज उठाएर लोकतन्त्र लोकतान्त्रिक विधि र पद्धति र संविधानको रक्षा गर्न राष्ट्रको रक्षा गर्न सबैले आफ्नो ध्यान केन्द्रीत गर्नुपर्दछ भन्ने ठान्दछु।

यसकारणले कोरोनाको विरुद्धमा लडिरहने लडिरहँदा कोरोनाको विरुद्ध लडिरहँदा संकल्पित भईरहँदा समाजमा भईरहेका यस्ता भाईरसहरुका विरुद्ध पनि आफ्नो आवाजहरु आफ्ना विचारहरु आफ्ना धारणाहरु राख्नुस सङ्गठित हुनु गोलबन्द हुनु र जनतालाई सचेत गर्नु अहिलेको दायित्व हो, जिम्मेवारी हो र त्यो दायित्व र जिम्मेवारी हामी सबैले पुरा गर्नुपर्छ। संसदले संकल्प प्रस्ताव प्रस्तुत गरिसकेपछी सरकारले त्यो कामलाई गम्भिरताकासाथ लिनेछ। गण्डकी प्रदेश सरकारले यसको कार्यान्वयन गर्नेछ र आगामी दिनका निमित्त हाम्रा थप तयारीहरुसाथ हामी अगाडि बढ्न सक्नेछौँ र हरेक माहामारीहरुलाई सामना गरेर जान सक्नेछौँ मानव जातिको रक्षा

**(मा. सभामुख - समय सकियो)** विकास र उन्नयनका निमित्त हाम्रा सबै त्यागहरु समर्पित हुनेछन् भन्ने विश्वास व्यक्त गर्दै बिदा हुन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री रोशन गाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री कृष्ण थापा ।

## माननीय श्री रोशन गाहा मगर

माननीय सभामुखज्यू, आज नेपालमा मात्रै होईन संसारभरि नै आक्रामित रहेको कोरोना भाईरसको सन्दर्भलाई लिएर साझा संकल्प प्रस्ताव विशेष अधिवेशनको छलफलमा हामी छौँ र आज भन्दा केही समय पहिला गण्डकी प्रदेश सरकारको चालु संसद अधिवेशनको संकल्प प्रस्ताव त्यति बेला पनि नआएको होईन तर व्यवहारिक रुपबाट, नजिरको अभ्यासबाट, कानूनी प्रक्रियाको हिसाबबाट सम्बन्धित निकाय र सम्बन्धित तहको तर्फबाट थोरै अनुभवको कमीले यो संसदमा त्यो प्रस्तावले सार्थकता पाउन सकेन । मैले थोरै स्मरण मात्र मैले गरेको । आज यो साझा संकल्प प्रस्ताव अनुरुप यो गरिमामय सदनमा सर्वदलिय सर्वपक्षिय दलहरुको एक मना एकताका साथ साझा संकल्प यो सदनमा हामी व्यापक रुपमा छलफलमा छौँ र गण्डकी प्रदेशको सरकारले

यो साझा संकल्प प्रस्ताव सदनमा ल्याउनु अगावै सरकार गठन भएकै दिन सपथ ग्रहण गरेकै दिन सरकारले गण्डकी प्रदेशमा रहेका जनताको जिउ धनको रक्षा, स्वास्थ्यको जिम्मेवारी, शान्ति सुरक्षा सुकायम सुशासन कायम गर्नका निमित्त यो प्रतिवद्धता जाहेर गरेकै हो । त्यो अनुरुप सरकार त्यो विकासको क्रम अगाडि बढीरहेकै कुरा हो तर त्यो विकासले गति लिईरहँदा सरकारले उज्यालो प्रदेश बनाउने योजना गरिरहँदा, एक घर एक धारा निर्माणको कामलाई अगाडि बढाईरहँदा, प्रत्येक निर्वाचित सांसदहरुको आफ्नो निर्वाचन क्षेत्रमा एक एक सडक निर्माण गर्ने ति योजनाहरु अगाडि बढिरहँदा स्वभाविक रुपले अचानक यो कोभिड १९ एउटा सुक्ष्म अदृश्य माहामारीको रुपमा नेपालमा पनि प्रवेश गर्यो । यो विश्वभरी नै सबैलाई आतङ्कित बनायो र यसले अझै हाम्रो गण्डकी प्रदेश एउटा यस्तो प्रदेशको राजधानी हो पोखरा  जो देशकै एउटा पर्यटकीय हिसाबले राजधानी हो । यो प्रदेश गण्डकी प्रदेशको मात्रै राजधानी होईन यो देशकै एउटा पर्यटकीय राजधानी हो र यो गण्डकी प्रदेश नवलपुर जिल्ला एउटा मित्र राष्ट्र भारत युपी बिहारसंग जोडिएको जिल्लाको एउटा गण्डकी प्रदेश भित्र पर्ने एउटा जिल्ला पनि हो । त्यो मित्र राष्ट्र छिमेकी देशसंग खुला सिमा रहेको कारणबाट पनि यो माहामारी प्रवेश गर्न सजिलो रहयो र यो प्रवेशको कारणले गर्दा खेरी यहाँका धेरै उद्योगधन्दाहरु व्यवसायहरु पनि धारासायी भयो । यो स्वभाविक रुपमा हामीले यो विषयमा धेरै जान्नु पर्छ जस्तो मलाई लाग्दैन । यो हामीले अहिले भोग्दै आएका पनि छौँ र मलाई लाग्छ अझै यो माहामारी रोग पहिलो विश्वयुद्धमा हुँदा हामीले इतिहास थोरै त्यो पान्ना पल्टाउँदा त्यतिबेला त्यति धेरै बैज्ञानिकहरुले उत्पादन गरिसकेको हतियारहरु थिएन की धेरै मास धेरै मनुष्य ढुङ्गा पत्थरबाट त्यो युद्धलाई त्यो युद्धमा पनि धेरै मानवको क्षति भयो । दोश्रो विश्व युद्धमा त्यति बेला विकसित हातहतियारले सुसज्जित धेरै लामो प्रहार गर्न सक्ने हतियारहरु समेत त्यसमा बनिसकेको थियो । त्यसले ठूलो क्षति गर्यो र यो तेश्रो विश्वमा जसरी मानवको मृत्यु भयो त्यस्तै गरी यो कोभिड १९ ले यो कोरोना भाईसरले जुन खालको रोग ल्याएको छ सायद यसलाई हामीले दोश्रो विश्व तेश्रो

विश्वयुद्धमा जसरी मृत्यु भयो त्यही हिसाबाट त्यसलाई लिनु अवस्थामा जानु भन्दा सायद त्यति बेला यो गण्डकी प्रदेशको सरकार अथवा यो नेपाल सरकार र स्थानीय तहको सरकार त्यो बेलामै सजग नभएको भए त्यो स्थिति आउन सक्थ्यो र प्रदेश सरकारले स्थानीय तहको सरकारले ति सबैको आफ्नो सरकारको लागत अनुसारको, आफ्नो हैसियत अनुसारको, आफ्नो क्षमता अनुसारको क्षमता वृद्धि गर्दै दक्ष जनशक्ति समेत रकमलाई विनियोजन गरेर सबै जिल्ला अस्पतालहरुमा रकमलाई विनियोजन गर्ने कुरा, स्वास्थ्यकर्मीहरुलाई व्यवस्थापन गर्ने कुरा, तिनै तहको सुरक्षाकर्मीहरुलाई व्यवस्थापन गर्ने कुरा  र बाग्लुङ र नवलपुर जस्तो जिल्लामा पिसीआर टेष्ट मेशिन समेत पठाउने काम त गरेको होनि त सरकारले तर यसको सबै कुरा प्राविधिक रुपबाट यसको व्यवस्थापन गर्ने कुरामा केही ढिलाई भयो होला र यो विषय वस्तुलाई पनि हामीले आखिरमा यो माहामारी भन्या त हामी सबैको साझा नै  रहेछ नि त यो कुनै सरकारलाई गिराउनको  निम्ति प्रतिपक्षले बोलाएको माहामारी पनि होईन रहेछ अब प्रतिपक्षलाई ठेगान लगाउनको निम्ति सत्तापक्षले बोलाएको महामारी पनि होईन रहेछ । त्यसो भएको हुनाले हामीले यो विषयवस्तुलाई अझै साझा रुपबाट दक्ष जनशक्ति सहित अझै केन्द्र सरकारलाई समेत हामीले यसको अझै वैज्ञानिक तरिकाबाट व्यवस्थापन गर्ने कुरामा हामी जानु जरुरी छ र यो साझा संकल्पको प्रस्ताव संगसंगै पनि माननीय ज्यूहरुले अलि घुमाउरो पाराबाट अलि चिटिङको रुपबाट पनि यो असंवैधानिक यो प्रतिनिधि सभा बिघटनको बारेमा पनि कुरा मलाई पनि थोरै लाग्यो । मलाई के लाग्छ भने इतिहासमा कम्युनिष्ट पार्टी नेपाली जनको मन जितेर दुईटा ठुला कम्युनिष्ट पार्टीको बिचमा अझै ठुलो कम्युनिष्ट पार्टी बन्नको निम्ति एउटा माध्यम बनेको थियो र इतिहासमा पहिलो पटक कम्न्युजमको सरकार करिब झण्डै झण्डै दुई तिहाईको हाराहारीमा पुगेको कम्न्युष्ट सरकार बन्यो र त्यो कम्युनिष्ट पार्टीको अध्यक्ष कमरेड के। पी। शर्मा ओली पहिलो अध्यक्ष बर्तमान प्रधानमन्त्री नेपाल सरकारको र दोश्रो अध्यक्ष कमरेड प्रचण्ड र यो सबै कुराको काम कुरालाई योजनावद्धबाट एउटा समृद्धि

नेपाल सुखी नेपाली योजना सहित सरकार प्रधानमन्त्री अगाडि लम्कनु भयो । लिपिया लिपुलेक कालापानी जस्ता सिमाङ्कनको नक्सा कायम गरेर चुच्चे नक्शा देख्नु भएको छ नि चुच्चे नक्सा सहित संविधानमा संशोधन गरेर व्यवस्थापन गर्ने कुरामा अगाडि बढ्यो । हाईवेलाई सिक्स ल्यान बनाउने काम गर्यो । रानी पोखरीलाई बनाउने काम गर्यो, धरहरालाई बनाउने काम गर्यो सुरुङ मार्ग बनाउने काम लाग्यो । विविध जनताको पक्षमा काम गरिरहेको अवस्थामा प्रतिपक्षले होईन अरु कसैलाई दोष छैन हाम्रै कम्युनिष्ट पार्टी भित्रका नेताहरुबाट यो सरकारलाई गिराउनका निम्ति अविश्वासको प्रस्ताव सहित सरकार गिराउने कुरामा गैसकेपछि यो बिघटनको परिस्थिति सिर्जना भएको हो । अब यहाँ प्रतिगमनका कुरा असंवैधानिकका कुरा अप्रजातान्त्रिक कुरा यो आफ्नो शैलीबाट आफ्नो भाषाबाट भन्ने भनाउने कुरा हो तर आफ्नो टाउकोमा आफैले लाठी बजारेर आफै थला पर्छ भने अरुलाई फेरी गुहार्नु कत्तिको जायज कुरा हो त्यसो भएको हुनाले बैशाख १७ र १मा। सभामुख ( समय सिद्धयो० २७ गते प्रतिनिधि सभाको चुनाव हुन्छ यसमा हामी सबै एकमना एकताका साथ नेपाली जनताको आकांक्षालाई पुरा गर्नका निम्ति, गण्डकी प्रदेशमा रहेको जनताको आकांक्षालाई पुरा गर्नका निम्ति, जनताले चाहेको विकासको निर्माणको कामहरु पुरा गर्नका निम्ति, त्यो निर्वाचनलाई सम्पन्न गर्नको निम्ति, हामी सबै यो संकल्पलाई जसरी हामी एकमना एकताका साथ साझा रुपबाट गयौँ त्यही हिसाबबाट जानको निम्ति समेत आफ्नो भनाई राख्दै यो साझा संकल्प प्रति आफ्नो समर्थन गर्दै आफ्नो भनाईलाई म अन्त्य गर्न चाहन्छु । धन्यवाद् ।

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री हरिशरण आचार्य ।

**माननीय श्री कृष्ण थापा**

माननीय सभामुख महोदय, यो विशेष अधिवेशनको मलाई लाग्छ आज अन्तिम दिन जुन संकल्प प्रस्तावमा हामी छलफल गर्न गैरहेका छौँ र संकल्प प्रस्तावको विषय कोभिड १९ सम्बन्ध नै रहेको छ र यस सन्दर्भमा मैले आफ्नो भनाईहरु प्रस्तुत गर्न गैरहेको छु । मैले दुईटा घटनाबाट आफ्ना भनाईहरुलाई अगाडि बढाउन चाहन्छु। मेरो निर्वाचन क्षेत्रको एकजना किसान वहाँ करिब ६५ वर्षको हुनुहुन्थ्यो। मणिपालको हस्पिटलमा उपचार गर्न ल्याईयो वहाँलाई हस्पिटलमा भर्ना गरियो। अझै इमरजेन्सीमा भर्ना गर्न राखियो र राखिसके पछि त्यहाँको एउटा कर्मचारीले अर्कोलाई लगाउने सुई त्यही बिरामीलाई लगाईयो । लगाई सकेपछि वहाँको करिब एक डेढ घण्टामा तत्काल मृत्यु भयो र मृत्यु भैसके पछि हामीले वहाँहरुले मलाई खबर गर्नुभयो । हामी केही साथीहरु त्यहाँ जम्मा भयौँ र यस्तो लापरवाही गर्ने संस्थालाई हामीले कारवाही गर्नुपर्छ भनेर त्यहाँ राख्यौँ । मैले  धैरै ठाउँमा कुरा पनि गरे । त्यो लाश एक दिन राखियो र भोलिपल्ट १२ बजे सम्म पनि राख्यो कुनै पनि सुनुवाई भएन । अनि सुनुवाई भैसके पछि कारवाहीमा जानुपर्छ भनेर हामीले जोड गर्नेतिर लाग्यौँ । त्यो बेला त्यो मृत्यु भएका बिरामीको छोराले रुदैं रुदैं भन्नुभयो मेरो बाको मृत्यु भैसक्यो अब मेरो बा फर्किने स्थिति छैन र मैले यहाँ कति झगडा र मुद्दा मामिला गरु र भनेर वहाँले आफ्नो बालाई रुदैं रुदैं घरतिर फर्किनु भयो । एउटा संवेदनात्मक किसिमले मनमा खिन्नता बोकेर हामी त्यहाँबाट बाहिर निक्लियौँ । हाम्रो स्वास्थ्यको अवस्था यस्तो छ । आज हामीले कतिपय मुलुकहरुमा देख्यौँ नागरिकहरुको एकदम स्वास्थ्य उपचार गर्न पर्दा १२ घण्टामा २४ घण्टामा हस्पिटल खडा गरेर नागरिकहरुको एकदम छिटो उपचार गर्ने राज्यहरु पनि छन् । यसकारण म के अनुरोध गर्न चाहन्छु त भने आज जुन नागरिकहरुको स्वास्थ्यको मौलिकको र उनिहरुको उपचारको प्रश्न कति गम्भिर छ तर राज्यमा सत्तामा  बस्नेहरुले किन त्यसलाई त्यो प्रकारको आफ्नो कार्यदिशा बनाउन नसक्ने बिडम्बना त हामीले देखिरहेका त छौँ नि । हामीले देख्छौँ यहीं हामी दलहरु मध्ये १२ वर्ष १० वर्ष ५ वर्ष सत्तामा त बस्यौ नि तर हाम्रो स्वास्थ्यको अवस्था के छ भनेर भन्दा अघिको जस्तो छ

। हामीले सरकारी हस्पिटललाई धारासायी बनाएका छौँ। मापदण्ड पुरा गर्न नसकेका निजि हस्पिटलहरुलाई प्रश्रय दिईरहेका छौँ। त्यहाँ व्यापारिकरण भएको छ। नागरिकको मृत्यु भएको छ यसले गर्दा खेरी हाम्रो सोचाई हाम्रो दृष्टिकोण हाम्रो सोचाई के छ भन्दा असाध्यै न्यून प्रकारको रह्यो। हामीले देखिहाल्यौ नि सत्तामा बस्ने कतिपय माननीय ज्यूहरु मन्त्रीज्यूहरुले आफू बिरामी भयो भने विदेशमा गएर उपचार गर्ने कति लर्को लाग्यो त्यसमा कुनै कुनै माननीयहरुले त भत्ता कस्तो पनि खानुभयो भने सुत्केरी महिला सुत्केरी हुदाँखेरी बिरामीलाई आराम हुने औषधिसम्म पनि खानु यसले के बताउछ त भने आज हाम्रो देशमा स्वास्थ्य प्रति जुन गम्भिर प्रकारको समस्या छ नि यसलाई हामीले जब सम्म चेन्ज गर्दैनौ र स्वास्थ्य सरकारले ठेक्का लिदैन त्यो बेला सम्म हामी सामान्य रोगका कारणले पनि मृत्यु हुने स्थिति आउछ। माओवादीको त कुरै छोडदिनु यसकारण मलाई लाग्छ हामीले यो दिशामा गम्भिर हुन आवश्यक छ र विगतका गलत कमजोर पक्षहरुलाई हामीले नदोहोर्याउ मैले यो कुरा स्वास्थ्य सम्बन्धी मौलिक हक सम्बन्धीको प्रश्नमा सरकार गम्भिर बनोस भन्ने कुरा जान्न  चाहन्छु। हिजोका सरकार  बनेनन्  ठिकै छ त्यो गैर जिम्मेवारी सरकार रहेछ। अबको सरकार त जिम्मेवारी बन्नु पर्यो नि त यसले गर्दा खेरी यो दिशामा केन्द्रीत हुनुको आवश्यक छ। मैले यही कुरा गरेर राखे र अब यी संकल्प प्रस्ताव सन्दर्भमा मैले आफ्ना केही भनाईहरुलाई अगाडि बढाउन चाहन्छु। हिजो फेल गरियो आज पास गरिदैछ भनेर हिजोको र आजको दुईटै जस्ल्याउने कुरा पनि भएको छ। अब हिजो अल्लि बढी बढी नजानि नजानि जस्तो केही कुराहरु लेखेर ल्याएको कारणले समर्थन गर्न सकिएन त्यो फेल भयो आज अल्ली सबैलाई समेटेर आएको छ अब यो सबैको सर्वसम्मत बन्यो पास हुन्छ। हिजोका कतिपय बुदाँहरु हामीले भन्या हो नि अल्ली बढी हैन स्वास्थ्यको कुरालाई कुनै पनि सिमामा कैद गर्नुहुन्न हामीले भनेको जहाँ अप्ठ्यारो पर्छ जहाँ बिरामी हुन्छ त्यसलाई परिवारका कारणले अथवा धनी गरिबका कारणले सिमाको हद गर्न हुन्न भन्ने कुरा गरे तर त्यो पश्चातमा अल्लि त्यही जिकिर भयो के त्यसैले गर्दा त्यो फेल

भो। अहिले अब सबैको सहमति बन्यो अब पास हुन्छ। अब यो सहमति हुने बेलामा नि के भएको छ भने अल्लि मिलाई मिलाई ल्याईएको छ है भन्ने कुराले भयो आज यो तेह्र बुँदे सहमति मध्ये यो हाम्रो यो सर्वसहमतिमा छलफल हुँदाखेरी बढी ४ नम्बरको बुँदामा छलफल भएको थियो। वहाँहरुले एउटा कुरा ल्याउनु भएको थियो सरकारको प्रतिनिधिले एउटा कुरा भन्नुभएको थियो हामीले एउटा कुरा भनेका थियौँ र अहिले यहाँ एउटा कुरा लेखिएको छ। यो अल्लि घुमाउरो प्रकारको अल्लि प्रकारको छ। म के भन्न र हामीले के भन्न चाहन्छौँ भने देशका सरकारी हस्पिटलहरु स्थानीय होस, प्रदेश होस र संघका सबै हस्पिटलहरु विश्वासिलो योग्य, भरपर्दो र सुरक्षित हुने प्रकारको हुनपर्छ र हामीले त्यसलाई एकदम प्रश्रय गर्नुपर्छ। हरेक हस्पिटलहरुसंग जोडिएका बिरामीहरुको उपचार त राज्यले निःशुल्क गर्नुपर्छ। कतै यो प्रस्तावमा एउटा कुरा घुमेर के आएको छ भने सरकारको कुरा छोडदिनु राज्यका हस्पिटलहरु छोडदिनि निजितिर भएकालाई सबैलाई गर्ने भन्ने कुरा पनि थियो। कति कुरा हामी त्यो नमानेको हो अनि छलफल गर्दा खेरी यहाँ लेखिएको छ घुमाउरो फिराई प्रकारले आएर लेखिएको छ। यो कुरा पनि हामीले मनन गरौँ सहमति भनेपछि त सहमतिको कुरा नै गरौँ न यो कुरा छ र अर्कोतिर अब पाचौँ मुद्दा वा सर्वदलिय सहमतिको कुरा छ यो न विरोधै गरे पनि हुनि न समर्थन नै गर्दा पनि बिग्रने यस्तो किसिमको टाइपको छ के यो सर्वसहमतिय समिति बनाउने भन्यो राज्यका हरेक चिजलाई हामीले अनुगमन गर्ने हाम्रा प्रावधानहरु छन् नि संसदीय समितिहरुले गर्छन हैन संसदीय समितिहरु नभए माहालेखाले गर्छ माहालेखाले नगरे अख्तियारले समेत गर्ने हाम्रा अनुगमनका एउटा पाटाहरु छन्। अब त्यसकारण यी पाटाहरु हुदाहुदै पनि अर्को संसदीय समितिको अनुगमन गर्न बनाउन त भनिएछ त्यो रहेको छ र अर्का कतिपय पाटाहरु हामीसंग जोडिएका केही विषय वस्तुहरु छन्। अब ब्रेन  भेरियटन वान भन्ने एउटा भाइरस आएको छ त्यो निकै खतरनाक छ र त्यो नेपालमा पनि आउँदैछ हामी त्यस बेलाबाट पनि बच्न र सजग हुन आवश्यक छ। यो विषयमा सरकार गम्भिर बनोस आगामी दिनमा फेरी माहामारीको रुपमा यो नफैलियोस

तर खोपको कुरा आइसियु भेन्टिलेटर लगायतका पनि विषय वस्तुहरु धेरै कमजोर प्रकारका छन् त्यसलाई राम्रोसंग व्यवस्थापन गर्ने कुराहरु छ र खोप आउँदा खेरी त्यो खोपलाई निःशुल्क लगाउने कुरा सुचिकृत गरेर लगाउने कुराहरु पनि यसका चुनौतिका विषयहरु छन् र मलाई लाग्छ सरकारले हिजोका दिनहरुमा वास्तवमा लकडाउन नगरेको भए कोभिडसंग सम्बन्धित बिरामीहरुलाई व्यवस्थापन नगरेको भए तर मलाई लाग्छ हरेक हस्पिटलहरुलाई सुदृढिकरण नगरेको भए हामी मलाई लाग्छ अहिलेको अवस्थामा हुने थिएनौँ। विश्वमा लास सम्म राख्न नपाउने मुलुकहरु भएनि हामी त्यो अवस्थामा हुने थियौँ। यो त सरकारले  कतिपय अवस्थामा गरेकै हो यसलाई हामीले हो भनेरै स्वीकार्नु पर्छ। मलाई लाग्छ जति गरियो त्यो यथार्थ सम्पूर्ण होईन आगामी दिनमा अझ बढी गर्ने कुरामा राज्यले बजेट र कार्यदिशा बनाउन आवश्यक छ। यति भन्दै म आफ्नो भनाई टुङ्गयाउछु। धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री हरिशरण आचार्य

माननीय सभामुखज्यू, प्रदेश सभाको नियमावलीको नियम ८५ को उपनियम १ अनुसार यो विशेष अधिवेशनको यो समयमा संकल्प प्रस्तावको रुपमा कोभिड नाइन्टिनले पारेको प्रभाव त्यसको प्रत्यक्ष असर अनि फेरी संविधानको धारा ३५ को उपधारा १ र ३ मा उल्लेख भएको स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्न जुन बाध्यकारी व्यवस्था गरिएको छ र त्यही विषयवस्तु उठान गरेर सरकारलाई खवरदारी गर्ने विषयका साथ यो संकल्प प्रस्तावको विषयवस्तु उठान भएको छ र यो संकल्प प्रस्ताव केहीलाई अलि अलि  खेलौना जस्तो पनि बन्यो होला यो संकल्प प्रस्ताव केहीका लागि अलि अलि उखान टुक्का हाल्ने समयका अवसरका रुपमा पनि बन्यो होला अथवा केहीका

लागि यो संकल्प प्रस्ताव अथवा विशेष अधिवेशन दोहोरी खेल्ने जुवारी खेलको एउटा मैदान जस्तो बन्यो होला तर विशेष गरी यो एउटा जनताको स्वास्थ्यसंग सम्बन्धी जनताको स्वास्थ्यलाई कसरी व्यवस्थापन गर्ने अथवा त्यो स्वास्थ्यको जिम्मेवारीपूर्ण ढङ्गले जनताको स्वास्थ्यको विषयलाई हामीले कसरी जिम्मेवारी बोधका साथ लिने र सरकार र सबै हामी माननीय सदस्यहरुले त्यो विषयलाई कति गम्भिरताका साथ लिने भन्ने मूल विषयवस्तुहरुलाई पाखा लगाएर हामी धेरै बहकियौँ। मलाई अचम्म लाग्छ हामी जनताको आफ्नो आफूलाई आफूलाई धुरीमा राखेर जनताको स्वास्थ्य सम्बन्धी विषय माथि खेलवाड गर्दैछौ भने हामी कति जिम्मेवार छौँ यही कुराले निर्धारण गरेको छ । त्यसैले माननीय सदस्यहरुले जुन अगाडि जुन प्रवक्ता माननीयज्यूहरुले राख्नु भयो हिजोका अस्तिका छलफलहरुमा राख्नु भयो यी सबै कुराहरुले वास्तवमा कति जिम्मेवार हुनुहुन्छ भन्ने कुरा त आफैले आफैलाई पढीसक्नु भएको छ । मैले धेरै व्याख्या गर्न जरुरी मैले ठानेको छैन आज यो विषय राख्दै गर्दा खेरी हामी गण्डकी प्रदेशमा कति जना मान्छे मारिए मरे यो आज जुन कोभिड नाइन्टिनका कारणले भने अब त्यो भन्दा बढी खोर्लोक अर्को भाइरस आउँदैछ भन्ने कुरा हामीले सुनिराखेका छौँ त्यो स्वास्थ्यका विशेषज्ञहरुले बताईराख्नु भएको छ भने आज त्यो भन्दा अझ कति जिम्मेवार बन्नुपर्छ त्यो भन्दा अझ हामी  सिरियसली कति लाग्नुपर्छ भन्ने कुराको विषयवस्तु त त्यो सबै घटनाक्रमहरुले देखाएकै छ । त्यसैले सरकारले सायद यो विषयतिर अलि गम्भिरताका साथ सोचोस म आग्रह गर्न चाहन्छु। सायद हामी एउटा साझा संकल्पको रुपमा पेश गरिराखेका छौँ साझा भावनाका रुपमा पेश गरिराखेका छौँ। हिजो फेल भयोकी पास भयो त्यो फरक कुरा हो तर आज आएर यो अझ सान्दर्भिक मानिएको छ भन्ने कुरा सबैले अनुभूत गरी यो पास गर्न खोजिएको छ। हामी त्यसैलाई साझा रुपमा प्रस्तावका रुपमा अगाडि बढाएका छौँ भने हामी त्यसलाई पास गर्नका निमित्त अगाडि लागि राखेका छौँ  तर यो कसैले पास गर्यो गरेन हिजो फेल भयो भएन भन्ने कुरा इतिहास कोट्टाएर आफैले आफैलाई गिजोल्ने प्रयत्न तपाई हामी कसैले गर्न

जरुरी छैन । म यहाँहरुसंग विनम्रताका साथ आग्रह गर्न चाहन्छु । १७ सालमा एउटा भाइरस महेन्द्रे भाइरसले नेपाल र नेपालीलाई दुःख दियो यो कुरा सत्य छ त्यो भाइरस सुषुप्त अवस्थामा बसेर ६१ माघ १९ गते झल्यास्स बिउझियो अनि आफूलाई संसदीय व्यवस्थाका बफादार मालिक भन्नेहरुलाई उक्त भाइरसले यसरी गाज्योकी चार दिवार भित्र रुञ्चे स्वर निकाल्दै बचाऊ बचाऊ भन्ने आदर्श वाणीहरु सुन्नमा आए । त्यही भाइरसले अर्को खडगेन्द्रिय धारण गरी पौष ५ गते लोकतन्त्रको हुर्मत लिने काम गर्यो त्यो १७ साल भन्दा फरक छैन । अनि यस्तो अलोकतान्त्रिक र असंवैधानिक कुको जति भत्सर्ना गरे पनि सायद कमै हुन्छ मेरो अनुमान छ । यस्तो कतिपय कमरेडहरुले टाउको फुटाउन मन छ भन्नुभएछ । हिजो गणतन्त्र विरोधीहरुलाई गणतन्त्रको रक्षा गर भनेर दुधको साक्षी बिरालो बनाएर राख्ने अनि बिरालोले दुध खायो भनेर रोइलो काढ्नुको केही अर्थ छैन । आउनुस बरु समिक्षा गरौँ म अनुरोध गर्न चाहन्छु । हामी विगतमा के गर्यौं र कसरी अगाडि बढ्यौँ र भोलि कसरी अगाडि बढ्न सक्छौँ भन्ने कुराको समिक्षा गरौँ । सम्पूर्ण आन्दोलनको रक्षा गर्न संयुक्त पहल कदमी लिऔं हामी त संघर्षबाट नै पहल कदमी लिन सकिन्छ भन्ने ठाउँमा नै छौँ । प्रतिगमन विरुद्धमा संघर्ष गरौँ हाम्रा संपूर्ण आन्दोलनको रक्षा गरौँ शहिदका सपना पुरा गरौँ जनताको चाहना पुरा गरौँ हामी हामी यतिबेला एउटा संकल्प गरिराखेका छौँ । एकातिर भने अर्कोतिर हामी नेपाली जनताको स्वास्थ्य जुन विषयवस्नु सबै भन्दा संवेदनशिल छ आज त्यो विषयवस्तुलाई हामीले गम्भिरताकासाथ लिनेकी नलिने भन्ने विषयवस्तु आज टड्कारो रुपमा देखा परिराखेको छ । यसो हेर्दा खेरी आज कसैले माक्स लाउनै नपर्ने आज कसैले उपचार गर्नै नपर्ने भिडम भिड अब टाउका फुटाउन प्रतिस्पर्धा हुने जस्तो यस्तो खालको परिस्थितिमा अनि फेरी हामी कोभिड नाइन्टिनको यो विषयवस्तु यसो हेर्दाखेरी विरोधाभाष जस्तो हामी संकल्प प्रस्ताव पेश गर्दै गर्दाखेरी अन्तरविरोधी जस्तो यस्तो खालको केही विषयवस्तुहरु पनि उठान नभएका होईनन् छन् तर पनि फेरी के हो भने हामीले जनताको स्वास्थ्य हाम्रो स्वास्थ्य हो । हाम्रो स्वास्थ्य भनेको साझा दायित्व हो

साझा कर्तव्य हो । त्यो साझा कर्तव्यलाई हामीले साझा ढङ्गले निर्वाह गर्न सकेनौँ भने हाम्रो हामी यो मुलुक हिमाल पहाड र तराई हुनुको नाताले अनि पूर्व मेची देखि पश्चिम हुनुको नाताले बस चुच्चे होस की  थेप्चे होस जे सुकै होस ति सबै कुराहरु यो विषयवस्तुहरुको हिसाबले हेर्दाखेरी आज हामी यो नेपालको नागरिक हुनुको नाताले नेपाली जनताको भविष्य बारे हामीले सोच्न गम्भिर हुनुपर्ने जरुरी छ । हामी गण्डकी प्रदेशले हामी सबै माननीय सदस्यहरुले हामी हाम्रो यो करिब २५ लाख जनसंख्या भएको यो प्रदेशको सबै जनताको जिम्मा लिनुपर्ने दायित्व जनताले हामीलाई हल्कारा बनाएर पठाएका छन् । जनताले हामीलाई एउटा सेवक बनाएर मालिक होईन जनताको सेवक बनाएर एउटा प्रतिनिधि चुनेर पठाएका हुन् त्यसो भएको कारणले हामी जनताको सेवक बन्ने प्रयत्न गरौँ । हामी मालिक होईन हामी आफ्नो मात्रै होईन राष्ट्र र जनताको हितमा सोच्ने बनौँ म यहाँहरुसंग त्यो विनम्रताका साथ अनुरोध गर्न चाहन्छु र अन्तमा हामी यो प्रदेशमा भएका स्वास्थ्यसंग सम्बन्धित पूर्वाधारहरु हामी कति नयाँ निर्माण गर्न सक्छौँ म एउटा मात्रै एक्जाम्पल दिन चाहन्छु । मलाई हाम्रो पालुङ्टार नगरपालिकाको मेयरसाबले एउटा विषयवस्तु राख्नु भयो । पालुङ्टारको ठाँटी पोखरीमा एउटा हस्पिटल बनाउनु पर्यो त्यो करोडौँ अरबौँको हस्पिटलको एउटा पूर्वाधार भएको आँपपिपल हस्पिटलमा त्यहाँ एउटा अहिले सम्म पनि डाक्टर नभएर अहिले सम्म पनि त्यहाँको एउटा भाच्चिएको एउटा प्लाष्टर गर्न सकिदैंन । त्यस्तो खालको अरबौँको सम्पत्ति भएको त्यो हस्पिटल आज बेकम्मा साबित भैराखेको छ अनि त्यो हस्पिटल पहिला बनाऊ अनि त्यस पछाडि अर्को हस्पिटल  निजि हस्पिटल खोल्ने कुरातिर जोड गरौँला भनेर मैले मेयरसाबलाई मैले यो कुरा गरे । आखिर यो बिडम्बना सबै ठाँउमा होला नित एउटा मात्रै ठाँउ किन हो र ≈ सबै ठाउँमा होला त्यसको पूर्वाधार निर्माणका हिसाबले त्यसका प्राविधिक व्यवस्थापनका हिसाबले स्वास्थ्य व्यवस्थापनका हिसाबले काहाँ काहाँनेर कति हामी सघन कक्ष बनाउने कुरा गरेका छौँ जनशक्ति व्यवस्थापनको कुरा गरेका छौँ आज हामी त्यसलाई व्यवस्थित गर्न एउटा एउटा कार्यविधि बनाएर बेलामा हामीले

अस्थाई करारको जनशक्ति त व्यवस्थापन गर्न सक्दैनौँ भने हामीले त्यो स्वास्थ्य क्षेत्रमा जनशक्ति व्यवस्थापनमा के नयाँ गरेका छौँ रु त्यसैले सरकारसंग म विशेष गरी आग्रह गर्न चाहन्छुकी तपाईहरुले सरकारले विशेष गरी त्यो जनशक्ति व्यवस्थापनमा डाक्टर बरु चौरमा उपचार गरौँला पहिला जनशक्ति व्यवस्थापन गरौँ। पहिलो त चौरमा व्यवस्थापन गर्ने हिजो हामीले हिजोका बेलामा कैयौँ ब्याक्टेरिया ब्याक्टेरियल डिजिजहरु देखि लिएर भाइरस डिजिजहरु यी सबै कुराहरु थिए त्यसलाई हामीहरुले चौरमा राखेर पनि हिजोका दिनमा उपचार गरेका हाम्रा हिजो स्कुले जीवनमा हामीले त्यो अनुभूत गरेका छौँ भने आज हामीले त्यो पनि गर्न सक्छौँ तर पहिलो कुरा जनशक्ति हुदो रहेछ । मैले अहिले पनि अनुरोध गर्न चाहन्छु जनशक्ति व्यवस्थापनमा पहिलो प्राथमिकता दिऊ दोश्रो कुरा भनेको प्राविधिक व्यवस्थापन स्वास्थ्य व्यवस्थापनको कुरा हुन्छ त्यसैले अहिले ति कुराहरुलाई विशेष गरी सरकारले ख्याल गर्दै आगामी दिनमा यो हामीले जो कोभिड नाइन्टिनको विरुद्धमा लड्न कुरा गरिरहेका छौँ हामी कोभिड नाइन्टिनलाई नियन्त्रण गर्न कुरा गरिराखेका छौँ र संसारबाट कोभिडलाई उन्मूलन गर्ने कुरा गरिराखेका छौँ भने आज हामीले नेपालमा हामी गण्डकी प्रदेशमा हामी जिम्मेवार कति बन्छौँ त्यो सबै कुराहरुले निर्धारण गर्ने भएको कारणले सरकारले बेलैमा यो कुरालाई सोचोस भनेर हामीले यो संकल्प प्रस्ताव पेश गरेका छौँ। प्रस्तावक माननीय कृष्णचन्द्र नेपालीज्यू हुनुहुन्छ। नेपाली काङ्ग्रेसको तर्फबाट वहाँले त्यो दलको नेताको हैसियतले वहाँले त्यो विषयवस्तु प्रस्ताव गर्नुभएको छ। हामी जनता समाजवादी पार्टी अनि सबै राजनैतिक दल संसदमा रहेका सबै राजनैतिक दलले त्यसलाई साझा रुपमा बनाएका छौँ तर आखिर शुरुवात शुरुवात अगुवानै हुन्छ । तपाई हामीले जनताको समस्यालाई कसरी बुझ्छौँ भन्ने कुरा त अगुवाहरुले त्यो अगाडि देख्ने कुरा हुँदोरहेछ। त्यसो भएर हामी अहिले पनि त्यो गर्भकासाथ भन्न चाहन्छौँकी नेपाल आज राजनीतिक रुपमा पनि अगुवा खोजिरहेको छ। त्यो अगुवा को छ भनेर आज सारा नेपाली जनताले खोजिरहेका छन्। १० वर्ष अगाडि सोचेका कुरा अहिले हुँदैछन् आज त्यो १० वर्ष अगाडि

सोचेका कुराहरुलाई कतिपयले अहिले पछ्याउदै छन् त्यसैले हामी यतिबेला के भन्न चाहन्छौँ भने प्रतिगमन प्रतिगमन प्रतिगमन भयो भनेर मात्रै होईन प्रतिगमनको विरुद्धमा संघर्ष गर्न आऊनुस एकाकार बनौँ संघर्ष गरौँ सब खल्तिमा भएका सब चिज फाल्दिनुस अनि त्यस पछाडि नयाँ चिजको शुरुवात गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति स्थिर शासकीय प्रणालीको एउटा बहस गरौँ अनि नेपालमा बल्ल एउटा स्थिर राजनीतिक प्रणाली शुरुवात हुन्छ । त्यसले मात्र नेपालको भविष्य निर्धारण गर्दछ। धन्यवाद जय मातृभूमि ।

## माननीय सभामुख

माननीय सदस्यहरु अब यो बैठक २० मिनेटको लागि स्थगित हुन्छ ।

**समाप्त**